जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक १७, २०८० साल साउन १९ गते शुक्रबार, नेपाल संवत् ११४३ (Aug 4, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## माग सम्बोधन गर्न आग्रह

काठमाडौं । सम्पन्न भइसकेका कामको भुक्तानी रोकेको भन्दै आन्दोलनरत निर्माण व्यवसायीको जायज माग सम्बोधन गर्न उद्योग वाणिज्य महासंघले सरकारको ध्यानाकर्षण गराएको छ। निजी क्षेत्रको सबैभन्दा ठूलो छाता संगठन रहेको महासंघले बुधबार विज्ञप्ति जारी गरेर सरकारको ध्यानाकर्षण गराएको हो ।

महासंघले कुल गार्हस्थ्य उत्पादनमा ठूलो योगदान रहेको निर्माण व्यवसाय क्षेत्रका जायज माग सुनुवाइमा भइरहेको ढिलाइले निर्माण मात्र नभई समग्र अर्थतन्त्रमा नै समस्या पर्ने देखिएको उल्लेख गरेको छ। बाँकी ८ पेजमा

## इन्धनको मूल्य बढ्यो

काठमाडौं । नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य बढाएर ग्याँसको मूल्य घटाएको छ । निगमले स्वचालित मूल्य प्रणाली कार्यविधि २०८० अनुसार आज राति १२ बजेदेखि लागू हुने गरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोल ९ रूपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर ७ रूपैयाँ बढाइएको हो भने ग्याँसमा प्रति सिलिण्डर १३० रुपैयाँ घटाएको हो ।

भारतीय आयल निगमले अगस्ट १ मा पठाएको नयाँ मूल्य सूची अनुसार पेट्रोलमा प्रतिलिटर ८.१४ रूपैयाँ र डिजेलमा ६.८६ रुपैयाँ बढेर आएको थियो । निगमले सोही मूल्यमा मूल्य अभिवृद्धि कर समायोजन गरेर मूल्य बढाएको हो । बाँकी ८ पेजमा

# भूसांस्कृतिक स्वार्थको चपेटामा नेपाल





काठमाडौं । नेपालले असंलग्न परराष्ट्र नीति अपनाएको जगजाहेर छ। विश्व रंगमञ्चमा असंलग्न आन्दोलनले गति लिनुअघि नै नेपालले सैन्य गुटबन्दीबाट असंलग्न रहने नीति लिएको हो । सबैसँग मित्रता राख्ने र कसैलाई कसैविरुद्ध सैनिक गतिविधिका लागि आफ्नो भूमि प्रयोग गर्न नदिने नेपालको नीति हो ।

नेपालले शरणार्थीका रुपमा नेपाल बसेर त्यसको नाजायज फाइदा उठाउने खम्पाहरूको चीन विरोधी सैन्य दुष्प्रयासलाई निस्तेज पारेको थियो । उच्च हिमाली क्षेत्रमा संयुक्त सैनिक गतिविधि गर्ने महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको पहलकदमीलाई बढावा दिएर छिमेकी राष्ट्र चीनमाथि संशय उत्पन्न गर्नेसम्मको व्यवहार नेपालका लागि विल्कुलै अनुचित विषय हो ।

स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) लिएर अमेरिका नेपालमा छिर्न दाउ हेरिरहेकै छ। यद्यपि यो विषयको पर्दाफास भएपछि अमेरिका पछि हटे पनि यसको अर्कै न्वारन गरेर नेपालमा अमेरिकी सैन्य गतिविधि गर्ने साजिस गरिरहेको छ। यदि अमेरिकी सैनिकहरू कुनै बहानामा नेपाल प्रवेश गरे भने यस्को सुनामीले नेपाललाई नै अर्को युक्रेन बनाउने लगभग पक्का भएको छ ।

नेपालको राष्ट्रिय सुरक्षाको आधार भनेको यसको विदेश नीतिको सफल सञ्चालन हो। आफ्नो राष्ट्रिय हितको निर्क्योल गर्न नसक्ने, विदेश नीतिलाई आन्तरिक सत्ता संघर्षको साधन बनाउँदैनौ सम्म पनि भन्न नसक्ने नेताहरूका कारण नेपाल दिनानुदिन भूराजनीतिक स्वार्थको चपेटामा जाकिँदै छ ।

इन्डोप्यासिफिक स्ट्राट्रेजी .(आइपिएस) अन्तर्गतको मिलेनियम च्यालेन्स कर्पोरेसन (एमसीसी) नेपालको संसदबाट पारित गराएर कार्यान्वयनमा गइरहेको छ अमेरिका। यसका लागि अमेरिकी उच्च अधिकारीहरूको श्रृंखलाबद्ध बाक्लो नेपाल भ्रमण भइरहेको छ। एमसीसी मूलतः हिन्द प्रशान्त अमेरिकी रणनीतिकै एक पाटो हो । जो चीनविरुद्ध लक्षित छ ।

केहीअघि भारत भ्रमणमा गएका प्रधानमन्त्री प्रचण्डलाई मध्यप्रदेशको उज्जैनस्थित महाकालेश्वर मन्दिरमा गेरुवस्त्र धारण गर्न लगाएर भारतले भूसांस्कृतिक दबाबलाई प्रस्ट्याइसकेको छ। हुन त प्रचण्डले २०६६ माघ २ ९ मा सुनसरीको चतरामा भएको महायज्ञमा पुगेर गृहशान्तिका लागि भैंसी पूजा गरिसकेका थिए। भ्रमण सूचीमै राखिएको महाकालेश्वर दर्शन गर्दा गेरुवस्त्र लगाउनैपर्ने नियमका कारण बाध्य भएको र नलगाउँदा १ अर्ब हिन्दुको मनमा चिसो पस्ने त्रास भएकाले उक्त रुप धारण गरिएको उनको प्रस्टोक्ति सार्वजनिक भयो ।

विश्वप्रसिद्ध महान दार्शनिक कार्लमार्क्सले धर्मका व्यावहारिक प्रभावको दर्शन गर्ने क्रममा यसलाई अफिम (नसा) तुलना गरेका छन् । जसरी एउटा घाइते वा बिरामी व्यक्तिलाई नसाले तत्कालै आराम दिएको र काममा स्फुर्ति दिएको भ्रम दिन्छ, अचेत बनाउँछ र जीवन नै बर्बाद गरिदिन्छ, त्यसरी नै धर्मले पनि मान्छेलाई अस्थायी नसा दिन्छ, सही वा गलत छुट्याउने सामर्थ्य दिँदैन र गरिबी अभावलाई त्यसकै भरमा छाड्छ र अन्ततः बर्बाद गर्छ। मार्क्सले त्यस्तो सायद १९ औं सदीको मध्यतिरको आफ्नो परिवेश र द्वन्द्वात्मक भौतिकवादीमाथि धार्मिक कट्टरपन्थीहरूको आक्रमणका सन्दर्भमा भनेका थिए। तर अहिले कार्लमार्क्सको समय होइन न प्रचण्ड नै वास्तविक मार्क्सवादी हुन् ।

सर्वहारा वर्ग अस्तित्वमा रहँदा त्यसको अधिनायकत्व वा अधिनायकवादको उद्देश्य राखिएको थियो । अब सर्वहारा वर्गका नेतृत्वकर्ता दलाल पुँजीवादी आन्दोलनको संरक्षकमा रुपान्तरण भएपछि अवस्थामै तात्विक परिवर्तन आयो । नेपालमा कम्युनिस्ट भन्नेहरूले वर्गीय पक्षधरतालाई तिलान्जली दिएको दशकौं भइसक्यो । विचार, सिद्धान्त र दर्शनबाट च्युत भएपछि जताबाट क्षणिक राजनीतिक लाभ हुन्छ त्यसको निर्देशन मान्नु नियति हुन्छ ।

उदीयमान अर्थतन्त्र भएका छिमेकी भारत र चीन अनि महाशक्ति राष्ट्र अमेरिकाले नेपाललाई गरेको आग्रह, दिएको दबाब र बाँकी ८ पेजमा

## सुन काण्डमा माओवादी नेताहरू नै संलग्न ?

काठमाडौं । राजनीतिक संरक्षण प्राप्त भएको पुष्टि हुन थालेपछि सांसदहरू संसद् बन्द गर्दै आरोप प्रत्यारोपमा उत्रिएका छन् । माओवादी केन्द्रका नेताले एमालेमाथि आरोप लगाउने र एमाले नेताले सत्ताधारी दलहरूमाथि आरोप लगाउने क्रम बढेको छ ।



राजस्व अनुसन्धान विभागले सुन प्रकरणमा पक्राउ परेका १८ जनालाई सोधपुछ गर्दै नयाँनयाँ फन्दा पत्ता लगाइरहेको छ। अनुसन्धान टोलीले हालसम्म राजनीतिक व्यक्तिहरूको संलग्नता पत्ता नलागेको र संरक्षण भए नभएको विषयमा खोजीनीति जारी नै रहेको बताएको छ। विभागले तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङको संलग्नता अधिकतम् रहेको सम्म पत्ता लगाएको छ ।

उनको ठमेलको होटलमा छापा मार्दा बरामद भएका विभिन्न कागजपत्र, कारोबारका कागजात आदिको विश्लेषणका आधारमा दावा नै प्रमुख व्यक्ति हो कि भन्ने संकेत मिलेको अनुसन्धानमा संलग्न एक अधिकृतले बताए ।

उनको नै प्रमुख लगानी हो कि होइन भन्ने अनुसन्धान जारी नै रहेको र हालसम्मको अनुसन्धानले १८ जनामध्ये सबैभन्दा पहिलो तहमा उनी रहेको उनको भनाइ छ। अनुसन्धानकै सिलसिलामा विभागले बरामद गरेका मोबाइलको 'डेटा रिकभरी'का लागि नेपाल प्रहरीको फरेन्सिक ल्याबमा पठाइएको र मोबाइलको कल डिटेल्स पनि विभागले प्राप्त गरिसकेको बताइएको छ।

विभागले अहिलेसम्म चिनियाँ नागरिक चुवाङ लिनलाई पक्राउ गरेर विभिन्न ठाउँमा छापा मारिसकेको छ। विभागले धुम्बाराहीस्थित पीपलबोटमा दुईवटा, मण्डिखाटार, लाजिम्पाट र धापासीमा एक-एकवटा गरी कुल पाँचवटा घरमा छापा मारिसकेको छ। त्यसबाहेक सोह्रखुट्टे र टोखास्थित गोदाममा पनि विभागले छापा मारेको थियो ।

रेडी ट्रेडर्सका सञ्चालक २१ वर्षे दीलिपकुमार भुजेल, उनका मामा रामकुमार भुजेल, भन्सार एजेन्ट राजेन्द्र राई र ट्याक्सी चालक अशोक लामासँग सुरुमा बयान लिँदा नै ती व्यक्ति भरिया मात्र भएको आधार विभागले पाएको थियो ।

तिब्बती मूलका भारतीय नागरिक थुप्तेन छिरिङ र चिनियाँ नागरिक चुवाङ लिन, कार्गो कम्पनी सञ्चालकहरू राजन श्रेष्ठ, कृष्ण श्रेष्ठ र पुष्करराज भट्ट पक्राउ परेपछि भने नयाँनयाँ फन्दा पत्ता लाग्दै आएको बाँकी ८ पेजमा

## जयशंकर नेपाल आउने

काठमाडौं । भारतीय विदेशमन्त्री डा.एस जयशंकर नेपाल आउने भएका छन् । यहाँ आयोजना हुने नेपाल-भारत मन्त्रीस्तरीय संयुक्त आयोगको बैठकमा भाग लिन जयशंकर नेपाल आउने भएका हुन् । आयोगको यो सातौं बैठक हो । परराष्ट्रमन्त्री स्तरीय यो संयन्त्रलाई नेपाल-भारत सम्बन्धका सम्पूर्ण आयामलाई मूल्याङ्कन बाँकी ८ पेजमा

## चिनियाँ सैन्य नेतृत्वमा परिवर्तन

काठमाडौं । चीनले आणविक हतियारको विशेष इकाईका दुई नेतालाई हटाई नयाँ व्यक्ति नियुक्त गरेको छ। पिपल्स लिबरेशन आर्मी (पिएलए) को रकेट फोर्स युनिटका जनरल ली याचाओ र उनका सहयोगी केही महिनादेखि बेपत्ता थिए ।

चीनले अब यी दुईको स्थानमा पूर्व उप नौसेना प्रमुख बाँकी ८ पेजमा

## पुरानो संसद भवन पुनर्निर्माण गरिने



काठमाडौं । सरकारले सिंहदरवार परिसरभित्र रहेको पुरानो संसद भवन ग्यालरीलाई मर्मत सम्भार गरी पहिलकै अवस्थामा निर्माण गर्ने भएको छ ।

यसअघि पुरानो संसद भवनलाई भत्काउने कि मर्मत सम्भार गरी पहिलेकै अवस्थामा बनाउने भन्ने विषयमा विभिन्न समयमा विभिन्न निर्णय गरिएका थिए । तर पछिल्लो समय सहरी विकास मन्त्रालयले पुरानो संसद भवन पुरातत्वीक महत्वको र ऐतिहासिक भएकाले यसलाई नभत्काएर पुरानै अवस्थामा फर्काउने निर्णय गरेको छ ।

सहरी विकासमन्त्री सिता गुरुङले मंगलबार पुरानो संसद भवनको अवलोकन गरेकी थिइन् । अवलोकन पछि उनले पुरानो संसद भवनलाई बाँकी ८ पेजमा

## माओवादीमा विशेष महाधिवेशनको माग

काठमाडौं । नेकपा माओवादी केन्द्रको दोस्रो दिनको केन्द्रीय समिति बैठकमा अहिलेसम्म २० जना केन्द्रीय सदस्यले आआफ्नो धारणा राखेका छन् । सोही क्रममा पदाधिकारीका तर्फबाट वरिष्ठ उपाध्यक्ष समेत रहेका गृह तथा उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ र उपाध्यक्ष कृष्णबहादुर महराले समेत केन्द्रीय सदस्यहरूले गरेको प्रश्नको जवाफ दिँदै आफ्ना धारणा पनि राखेका छन् ।

'सरकारले धेरै राम्रा कामको सुरुवात गरेको छ । तर ती राम्रा कामको प्रचार नै भएन', बैठकमा श्रेष्ठले भने, 'सरकारले गरेका राम्रा कामको जति प्रचार हुनुपर्थ्यो त्यो हुन सकेन र त्यसले गर्दा विपक्षीले हामीमाथि फैलाएको बाँकी ८ पेजमा

## चामलको मूल्य बढाउने व्यापारी कारबाहीमा

काठमाडौं । चामलको मूल्य बढाउने व्यापारीहरूलाई कारबाही हुने भएको छ । एक साताअघि भारतले बासमती बाहेकका चामल निर्यात नगर्ने निर्णय गरेको थियो । भारतबाट नेपालमा चामल नभित्रने भएपछि बजारमा चामलको मूल्य मनपरी बढाइएको थियो ।

चामलको मूल्य वृद्धि भएको भन्दै विरोध हुन लागेपछि सरकारले व्यापारीलाई कारबाही गर्ने भएको हो । बुधबार वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले व्यापारीलाई पुरानै मूल्यमा चामल बेच्न निर्देशन दिएको छ। सोमबार, विभाग र उद्योग वाणिज्य महासंघका वाणिज्य विभागका पदाधिकारीहरूबीच बाँकी ८ पेजमा

## सहयोग कटौती गर्दै डब्लूएफपी

काठमाडौं । संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) ले पर्याप्त सहायता रकम नपाउँदा विश्वभर खाद्यान्न, रकम र अन्य सहयोग कटौती गर्न बाध्य भएको जनाएको छ। विगतको तुलनामा डब्लूएफपीले दुई वर्षयता आधा मात्र सहायता रकम पाउँदै आएको छ। यसले भोकमरीको समस्या भएका थुप्रै देशका करोडौं मानिस प्रभावित भएका हुन्। डब्लूएफपीका कार्यकारी उपनिर्देशक कार्ल स्काउले हालै एक कार्यक्रममा ८६ देशमध्ये ३८ वटामा विभिन्न बाँकी ८ पेजमा

## राष्ट्रियसभा बैठकमा एमाले अवरोध

काठमाडौं । नेकपा (एमाले)को अवरोधपछि राष्ट्रियसभाको बैठक स्थगित भएको छ । बैठक प्रारम्भ हुने बित्तिकै नेकपा (एमाले)का सांसद भैरवसुन्दर श्रेष्ठले सुन तस्करी प्रकरणबारे छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने माग गर्दै विरोध जनाए । 'सुन तस्कारी प्रकरणबारेमा सत्यतथ्य छानबिन गरी यर्थाथ बाहिर ल्याउनुपर्छ,' उनले भने, 'दोषीलाई छानबिन गरी कानुनी दायरामा नल्याएसम्म संसद् चल्न सक्दैन, सरकारलाई सत्यतथ्य बाहिर ल्याउन बाँकी ८ पेजमा

## भीमदत्त : आन्दोलनका पर्याय


सन्दर्भ भीमदत्त स्मृति दिवस

■ घनश्याम ओली

'कि त जोत हलो कि त छोड थलो यदि होइन भने अब छैन भलो' भन्दै जनताका घरदैलोमा क्रान्तिको स्वर घन्काउने भीमदत्त पन्तको जन्म वि.सं. १९८३ साल मंसिर १० गते साँझमा भएको थियो। भीमदत्त तारानाथ पन्तका एक्ला छोरा थिए। उनी बालखै हुँदा उनकी आमा सरस्वती देवीको देहान्त भयो। सौतेनी आमा तुलसीदेवीले नै भीमदत्तको आमाको भूमिका निर्वाह गरिन् ।

उमेर बढेसँगै भीमदत्त घर तथा समाजमा विभिन्न समस्यासँग जुझ्दै गए । गाउँका ठालु तथा सामन्तहरूले उनलाई दबाउने प्रयास गर्दै गए । तर सिंहको जस्तो स्वभाव भएका भीमदत्त जीवनको अन्तिम घडीसम्म पनि कसैसँग झुकेनन् । भारतको सिडाहीबाट शिक्षा प्राप्त गरेका उनी देश र समाजको भलाइका निम्ति लागिरहे। नेपाली जनतामाथि मडारिएको अन्यायको कालोबादल हटाउन उनले जीवनमा आन्दोलन गरिरहे ।

२००७ सालको जनआन्दोलनले १०४ वर्ष पुरानो निरंकुश राणा शासनको पतन भयो। तर समाजमा ठूला ठालुको हैकम र सामन्ती प्रथा यथावत नै रह्यो । समाजका ठालुहरूले गरिबलाई दिएको धान र तोरीको ब्याज लिने, त्यो पनि दोब्बर तेब्बर बनाई तमसुक लेख्ने चलन थियो। भीमदत्त आफैं पनि तमसुक काण्डका सिकार भए। उनलाई यस्तो सामाजिक कुप्रथा कत्ति मन परेन। उनी यस तमसुक प्रथा विरुद्ध उभिए। उनले विद्रोह गर्ने सोच बनाए। उनले गाउँभरि हल्ला फिँजाए– मैले अब सर्वप्रथम आफ्नै घरको तमसुक पोल्छु। त्यसपछि सबैका घरको तमसुक पोल्छु। नभन्दै एकदिन आफ्नै करेसाबारीमा गाउँलेहरू जम्मा गरी आफ्नै घरभित्र रहेको बाकसबाट तमसुकका पोकाहरू



निकाल्दै जलाइदिए। उनले आफ्नै तमसुक जलाएको खबर गाउँमा फैलियो। सँगसँगै उनले हरेक घरमा खोजतलास गर्दैछन् र जसको घरमा तमसुक देख्यो उसलाई सजाय गर्दैछन् भन्ने हल्ला पनि फैलियो। हल्लाकै भरमा कतिपय ठूला सामन्तहरूले जाली तमसुक आफैं च्यात्दै जलाउँदै गरे। यसरी जाली तमसुक लेख्नु हुँदैन भन्ने सन्देशका कारण जनता भीमदत्तका पक्षमा हुँदै गए। सामन्त शोषणका विरुद्ध भीमदत्तको यो महान अभियान थियो ।

त्यसबेला किसानहरूलाई निकै दुःख थियो। किसानका दुःख पीडा कसैले सुन्दैनथ्यो। मोहीले जग्गाधनी (तल्सिङ) लाई अनेक कर तिर्नुपर्थ्यो। ओलको प्रथा पनि तिनैमध्येको एक थियो। ओलको नतिरे मोहीले कमाइरहेको खेत पाखो जग्गा जमिन सबै खोसिन्थ्यो। त्यही डरले पनि समाजमा ओलको प्रथाकै रुपमा कायम थियो। भीमदत्तलाई यो सबै कुरा थाहा थियो। उनले आफ्ना बुबालाई करका रुपमा अब कहिल्यै ओलको नल्याउनु भनेर मनाए। यसबाट उनका भाइबन्धु निकै रिसाए। सामन्ती समाजले त्यतिखेर नबुझे पनि भीमदत्तले देश, समाजमा र किसानका निम्ति यो निकै राम्रो काम गरेका थिए ओलको बन्द आन्दोलन ।

भीमदत्त नारी जागरणका अगुवा थिए। जबसम्म नारीहरू जागरुक हुँदैनन्, त्यसबेलासम्म समाजमा पछौटेपन रहिरहन्छ भन्नेमा उनी सचेत थिए। त्यसैले उनले आफू डडेल्धुरामा गभर्नर भएपछि नारी जागरण अभियानलाई अगाडि बढाउन थाले। केही बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

| | |
|---|---|
| कार्यकारी सम्पादक<br>तेजेन्द्र प्रसाईं | प्रबन्ध सम्पादक<br>कृष्णराज दुलाल |
| प्रबन्ध निर्देशक<br>किरण थापा | अतिथि सम्पादक<br>विष्णु भट्टराई |
| सहसम्पादक<br>घनश्याम ओली | संवाददाता<br>रामशरण रिमाल |

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, श्री ऋषिकेश पन्त, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ, डा.गंगादत्त नेपाल

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बढ्दो महँगी नियन्त्रण गर

बजार भाउ असाध्य बढेपछि सहरी जनजीवन ज्यादै कष्टकर बनिरहेको छ । दैनिक उपभोग्य वस्तु दाल, चामल, गुडागुडी, मसला, तेल, तरकारी, फलफूल सबै वस्तुको मूल्य अनियन्त्रित ढंगले बढिरहेको छ । मूल्यवृद्धिको कारण युक्रेन–रूस युद्धलाई आर्थिक क्षेत्रका विज्ञहरूले औंल्याउने गरे तापनि बजार मूल्य आकासिनुको पछाडि युद्ध मात्र कारण हुन सक्दैन । बजार चलायमान नभएका कारण जनताको क्रय शक्ति एकातिर घटिरहेको छ भने मालवस्तुको मूल्य यही बेला थामिनसक्नु बढेर गएको छ । सरकारी तथ्यांकले ५ देखि ७ प्रतिशतसम्म मूल्यवृद्धि भएको देखाए तापनि बजारको वास्तविक उपभोक्ता मूल्य, त्यसको दोब्बर अर्थात् १५ प्रतिशतभन्दा बढी देखिन्छ ।

हालै मात्र भारतले विदेशमा चामल निर्यात नगर्ने नीति लिएको छ । वासमतीबाहेक अन्य चामल निर्यातमा प्रतिबन्ध लगाएको भए तापनि यहाँको बजारमा समाचार आउनेबित्तिकै २० केजीको बोरामा १०० ले मूल्य बढिसकेको छ । नेपाल भारत सीमा क्षेत्रका भारतीय बजारमा अहिले त्यहाँका व्यापारीहरू आन्दोलन गरिरहेका छन् । भारतबाट ल्याएका १०० भन्दा बढी मूल्यका सामानमा भन्सार लगाउने घोषणा सरकारले गरेपछि सीमाका भारतीय बजार सुनसान बन्न थाले । नेपाली उपभोक्ताले गुल्जार बनाएका बजार एक्कासी सुनसान भएपछि भारतीय व्यापारीहरूले सरकारसँग हारगुहार गरेपछि भारतले नजानिँदो पारामा नेपाललाई ठीक लगाउन चामल निर्यात रोकेको हो भन्ने केही विश्लेषकहरूबाट पनि सुन्न पाइन्छ । नेपालमा चामलको हाहाकार मच्चिएपछि सरकारले लिएको १०० रूपैयाँ बढीमा भन्सार लगाउने नीति सच्याउन लगाउने र नेपालतर्फको निर्यात खुला गर्ने नीति भारतले लिएको छ भन्ने भनाइमा धेरै सत्यता रहेको छ । नेपाली बजारमा भारतीय मुद्राको अवमूल्यन भएपछि भारत त्यसको साटो फेर्ने दाउमा छ ।

उपभोग्य सामानको मूल्य वृद्धिको मूल कारण फितलो बजार अनुगमन पनि हो । व्यापारीहरूले माल वस्तुको कृत्रिम अभाव खडा गराएर पनि मूल्य वृद्धि गराउने गरेका छन् । यसैगरी अहिले विस्कुट, तयारी चाउचाउ लगायतमा तौल ठगेर समेत उपभोक्ता ठग्ने गरेको पाइन्छ । मूल्य नबढाएको देखाउनलाई साइज घटाएर सापोनापो मिलाउने गरेको पाइन्छ । उपभोक्ता मूल्यमा, तौलमा, गुणस्तरमा सबै पक्षबाट ठगिएका छन् । फलफूल, तरकारी जस्ता कुरामा विचौलियाले मूल्य वृद्धिमा प्रभाव पारिरहेका छन् । तरकारी उत्पादक किसानले उचित मूल्य नपाएर आफ्ना उत्पादन सडकमा फालेर विरोध प्रदर्शन गरेका छन् । उता विचौलियाले किसानबाट अत्यन्त सस्तोमा ल्याएर उपभोक्तालाई ढाड सेक्ने गरी मूल्य लिएर बेच्ने गरेका छन् । उत्पादक किसान र बिचौलियाबीचको नाफाखोरी धन्दाको जालो तोडेर किसान र उपभोक्ताको सोझो सम्बन्ध बनाउनेतर्फ सम्बन्धित निकायले ध्यान दिने हो भने दुवै पक्ष लाभान्वित हुने देखिन्छ । यसैगरी सम्भावित खाद्य संकट टार्न सरकारले बाँझो रहेका जग्गा जमिनमा खेतीपाती अनिवार्य गर्नुपर्ने कडा कानुनी व्यवस्था गर्न आवश्यक छ । बाँझो रहेका खेतबारी उर्वर र हराभरा भएमा मात्र उपभोग्य वस्तु सरल, सहज बन्नेछन् । भविष्यमा आउन सक्ने थप हाहाकारको अवस्थातर्फ सरकारले बेलैमा ध्यान दिन आवश्यक छ ।

# बदलिंदै छ दक्षिण एसियाको राजनीतिक नक्सा



**सुरेन्द्र ढकाल**

मणीपुर राज्य संवैधानिक कानुन १९४७ लाई आधार मानेर भारतीय पूर्वोत्तर ७ राज्यहरूमध्येको एक मणीपुरले २९ अक्टोबर २०१९ मा भारतबाट स्वतन्त्र भएको घोषणा बेलायतको राजधानी लण्डनबाट गरेको छ । कास्मिर, खालिस्तानपछिको भारतको विघटनको लहरलाई मणीपुरले निरन्तरता दिएको छ । सरकार गठनको साथसाथै यो सरकारले संयुक्त राष्ट्रसंघमा सदस्यताका लागि निवेदन दिने बताएको छ ।

स्वतन्त्र मणीपुरका राजा लेइसेम्वा सानाजाओवाका प्रतिनिधिहरूले एक प्रेस सम्मेलन गरी यस विषयको जानकारी विश्वव्यापी रुपमा गराएका थिए । पत्रकार सम्मेलनको क्रममा उनीहरूले स्वतन्त्र राज्य मणीपुरको घोषणा गर्ने ऐतिहासिक क्षण आएको भन्ने कुरामा विश्वस्त हुँदै अन्तर्राष्ट्रिय समुदायबाट यस घोषणामार्फत समर्थनको अपेक्षा गरेको बताएका छन् । उनीहरूले सन १९४९ को कानुनको अवज्ञा गर्दै भारतले आफ्नो देशलाई जवर्जस्ती गाभेकोमा त्यसको विरोध गर्दै बेलायतका राजालाई पनि यस बारेमा बोल्दै मणीपुरको स्वतन्त्रताको अनुमोदन गर्न अनुरोध गरेका छन् ।


यता भारत सरकारले स्वतन्त्र मणीपुरका नेताहरूको विरुद्धमा भारत विखण्डन गर्न खोजेको भन्दै अदालतमा मुद्दा मात्रै दायर गरेन बल्की स्वतन्त्र मणीपुरका रक्षा मन्त्री नारेन्गवम समर्जितलाई २९ मार्च २०२१ मा इन्दिरागान्धी अन्तर्राष्ट्रिय विमानस्थलबाटै पक्राउ गर्‍यो र देश विखण्डनको आरोप लगाउँदै १ अप्रिलबाट उनलाई १३ दिने हिरासतमा राख्यो । आजकाल मणीपुर अशान्त छ । त्यहाँ भएको लाजमर्दो जातिय दंगाले उग्र रुप लिइरहँदा भारतको केन्द्रीय सरकार कानमा तेल हालेर बसिरहेको छ । यसले पनि के जाहेर गर्दछ भने मणीपुर केन्द्रीय सरकारको अधिनमा छैन र वास्तवमा मणीपुर स्वतन्त्र भइसकेको छ ।

अर्कोतर्फ नागाहरूले स्वतन्त्र नागालैण्डको माग गर्न सुरु गरेका छन् । उनीहरूले मणिपुर आसाम र अरुणांचल प्रदेशको केही भूभाग मिलाई त्यसलाई ग्रेटर नागालैण्डको नाम दिई त्यसको स्वतन्त्रताको संघर्ष छेडेका छन् । यसबाट कतै स्वतन्त्र मणीपुर बनिसक्दै नसक्दै टुक्रने त होइन भन्ने त्रास सच्चा मणीपुरेहरूमा पर्न सुरु भएको छ ।

मणीपुरको जनसंख्याको ५० प्रतिशतभन्दा बढी मैतीस जाति रहेका छन् जो भारतको अधीनमा रहेर मणीपुरको विकास होला भनेर सोच्दा पनि सोच्दैनन् । त्यसैकारण यही एक जातिभित्रै पनि स्वतन्त्रता चाहने धेरै झुण्डहरू छन । उनीहरूले आआफ्नै किसिमले स्वतन्त्रताको आन्दोलनलाई अघि बढाइरहेका छन् ।

बंगलादेश स्वतन्त्र हुनुअगावै पूर्वी पाकिस्तान हुँदाकै अवस्थामा पाकिस्तानको समर्थनमा स्वतन्त्र मणीपुरको क्रान्तिकारी सरकार गठन भई पूर्वी पाकिस्तानको सिलेटमा यसको मुख्यालय रहेको थियो । यिनीहरूको मुख्य उद्देश्य सशस्त्र आन्दोलनबाटै मणीपुरलाई भारतबाट स्वतन्त्र गराउनु रहेको थियो । तर मैतिसहरूको स्वतन्त्रताको आन्दोलनले ठूलो धक्का ब्यहोर्नु पर्‍यो जसको मुख्य कारण सन १९७१ बाट भारतको सहयोगमा सुरु भएको बंगलादेश स्वतन्त्रताको आन्दोलन थियो । त्यस बेला मणीपुरे स्वतन्त्रताका नेताहरू पाकिस्तानको समर्थक भन्दै धमाधम पक्राउमा परे । मैतिसका नेता विश्वेश्वर सिंहलाई नक्सलाइटको संज्ञा दिंदै त्रिपुराको जेलमा लगेर कोचियो । पछि जेलबाट छुटेपछि आफना सहयोगीहरूको साथ लागेर विश्वेश्वर सन १९७५ मा ल्हासातर्फ लागे र चीनको सहयोगमा गुरिल्ला तालिम लिई सन १९७८ मा सशस्त्र स्वतन्त्रताको संघर्षमा होमिए ।













४५ वर्षको लामो मणीपुर स्वतन्त्रताको संघर्ष अहिले आएर निर्णायक मोडमा पुगेको छ । स्वतन्त्र सरकारको घोषणासँगै अब उनीहरू गर कि मरको यस्तो अवस्थामा आइपुगेका छन जुन बेला नेपालमा पनि विशाल नेपालको अभियानले तिव्रता पाएको छ । अमेरिकी सहयोगमा भारत जसरी चीन बराबरीको आणविक शक्ति बन्दैछ त्यसले चीनको टाउको दुखाइ पनि त्यतिकै बढेको छ । भारत र अमेरिका बलियो हुँदा चीन विखण्डन हुने खतरा, अनि चिन बलियो भई सक्रिय हुन सकेको अवस्थामा मात्रै स्वतन्त्र मणीपुर सार्थक हुने अनि विशाल नेपाल पनि सम्भव हुने देखिन्छ त्यो भनेको भारतको वैधानिक विखण्डन हो जुन दक्षिण एसियाको सुरक्षा र विकासका लागि अपरिहार्य बन्न पुगेको छ ।




मणीपुरको स्वतन्त्रताको घोषणा र विशाल नेपालको आन्दोलन चर्केसँगै बंगलादेश पनि अब हामीलाई हाम्रो ग्रेटर बंगाल चाहियो भन्न थालेको छ । उता स्वतन्त्र खालीस्तान ब्युँझदैछ । यससँगै ढिलो वा चाँडो दक्षिण एसियाको राजनीतिक नक्सा अवश्यै बदलिनेछ ।

# नेपाली माटो र जनता

**■ जगदीशप्रसाद लामिछाने**

लिच्छवि कालभन्दा पहिले किराँत कालमा नेपालको समग्र माटो र जनताको प्रश्न आएको हुँदो हो । यहाँ किराँतका साथ लिच्छविहरू, शाक्यहरूका साथै खस र मैथिल पनि थिए । यी सबै साक्षी किनारा मात्र भएनन् । उनीहरूले समग्र माटो अनि मात्र जनताको महत्व सम्झिएर यहाँका ऋषिमुनिहरूकै रुपमा बसे । आज आदिवासी हुने यी सबै छन् । को भन्छ शाक्य र ज्यापू आदिवासी हैनन् भनेर ? उनीहरूको भाषा किराँत प्रभाव मुक्त छैन । श्रीमद्भागवत अनुसार पनि खस पुरानै हुन् । उनीहरूको भाषा नेवारी भए पनि खसहरूकै निकै थर नेवारमा छँदैछन् । मिथिलातर्फका बासिन्दाको पनि यस्तै छ । खसहरूको नेपाली भाषा छैटौं शताब्दीतिरको भनी विद्वानहरूको भनाइ हुँदा खसहरू आदिवासी हैन भन्ने कसरी ?

नेपाल हिमाली आर्यभूमि पनि भन्न सकिन्छ । आर्यावर्त हिमालयसम्मै हुँदै पनि हो । यो भूमिमा जनकहरूको प्रख्यातिका साथै शैव धर्मका किरातेश्वर मात्र हैनन अरु पनि तेजपुञ्ज छन् । सभ्यता आफैं बोल्छ । सूर्यकै प्रकाश र चन्द्रमाकै शीतलता खोज्नुभन्दा समग्रमा सूर्य र चन्द्रमाका विधाता खोज्नुपर्ने हो । यही हाम्रो राष्ट्रियता हो र यही माटो हो । केही मान्छेले कसैसँग माग्दा दिएनन् भन्नुभन्दा आफैंले केही दिएर जीवन बितोस् भन्नु उपयुक्त हुँदा भगवानले त आफ्नै शक्तिभन्दा ठूला भक्तका पछि लागी आफू पवित्र हुन भनी भक्तकै चरण धूलि माटो नै खोज्नु आफ्नै देशको माटो हैन र ? प्राचीन बासिन्दाको भूमि काठमाडौं पहाड मात्र हैन प्राचीन बासिन्दा नबसेको नेपाल भूमि कहाँ छ ? चाँगुकै शिला बोल्छ ।

नेपालको आत्मा छाम्न यहाँका बासिन्दा जति पुराना छन्, त्यति अथवा त्योभन्दा पुराना पशुपतिनाथ हुन् । जनताको आवतजावत हेर्ने हो भने जनकपुरतर्फ सिन्धुलीको बाटो र शाक्य भूमितर्फ पाल्पाको बाटो पुरानै हो । नेपाली भाषाका धेरै शब्द नेवारी र तत् समयका स्थानीय भाषाका छन् । देवतामै पनि आर्य भावनामय पाञ्चायन (गणेशो भाष्करो देवी शिवो विष्णुश्चपञ्चमः) नै र युग 'बौद्धावतारे' सर्वप्रख्यातै छ । अझ अगाडि बढ्दा बनेपाको पुरानो नाउँ 'भोट' र काठमाडौंको भोटाहिटी सुरुङमार्ग खन्दा धारो पुरानो भेटिएकै छ । तिब्बततर्फ कुति, केरुङ तथा मानसरोवरको सम्बन्ध हुँदै हो । धेरै बखत राजा र देश एउटै नभएको भए ऐतिहासिक 'नेपाल कम्बल' प्रमाणित देखिने थिएन । लिच्छवि संस्कृति गोरखा, दोलखा र मल्लपुरीमा भेटिने थिएन । विन्ध्याचल र हिमालयभित्रको भूमिलाई संस्कृतमा 'मध्यम' भनिएकोमा त पौराणिक कालमै नेपालको महत्व गाइएको भनी विद्वान खुसी हुनुपर्ने होइन र ? अहिले नानाथरी प्रलाप निरर्थकै छ ।

अब लागौं वर्तमान कालतर्फ । यस समयमा खस वर्गका नेपाली भाषा बोल्ने 'ठकुरी' आदि र अन्य भाषा बोल्ने मगर, थारु आदि अत्यन्त समन्वयकारी छन् । यी एघारौं र बाह्रौं शताब्दीदेखि देखिएका हुन् । एकजना बन्धुले २०७१ असोज ३ गते नागरिक दैनिकमा भन्नुभएजस्तै 'तराई आसामदेखि उत्तराखण्डसम्म' बस्ने तराईबासी चौधरी अथवा थारुसमेत हुन् । यिनको भाषा अन्य भएर के भयो र यी पहाडका मगर समान मानव सिद्धान्तमा अत्यन्त समन्वयकारी छन् । 'ठकुरी' आदि खसतर्फ भने पहाड र तराई सबैतिर नेपाली भाषा नै बोल्छन् । यी दुवै माटोलाई अत्यन्त महत्व दिन्छन् । वर्तमान गोरखा अर्थात् गोरखा वर्गका खसहरूको बाइसे चौबीसे प्रशासनमा एउटै भाषा सबैतिर थियो र पृथ्वीनारायण शाहले एकता गर्न सकेका हुन् । यही कुरा भानुभक्त आचार्यले रामायण नेपालीमै लेखी प्रमाणितै गरिदिए । पुरानो कुरो भन्ने हो भने रिपुमल्लको पालामा 'रिपुमल्लो चिरंजयतु' अशोक स्तम्भमा र काठमाडौं र मध्य सुदूरपश्चिमका देहीमाण्डौं ठाउँठाउँका पाटन दुर्गामाण्डौ आदि एउटै नाम नै माटोकै प्रमाण हुन् । बालेश्वर मन्दिरको प्रमाण त छँदैछ ।

जातिहरू त बेलाबखत आउँछन् जान्छन् पनि जुन जातिले त्यहाँको माटोमै ऋषिमुनिहरू पैदा गरेको छ र माटोकै माया गर्दछ त्यही जाति र समाजलाई माटोले माया गर्छ । कसैको छलले र कसैको करले म योग्य छु भन्नुभन्दा माटोले पनि मान्यता दिनैपर्छ । जातिहरू आउनु, बस्नु र जानु त पर्यटन मात्रै हो । त्यहाँ नै ऋषिमुनि भएर बस्नु नै महत्व भएका हुनाले यो लेखक वर्तमान मन्त्रिमण्डलका सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितलाई सलाम गर्छ किनभने उहाँले कर्मचारी मात्रलाई भए पनि विदेसिनु हुन्न नत्र जागिर रहँदैन भन्नुभएको छ । हामी सदैव माटोसँग अघि अघि जस्तै माटोरुपी नेपाल र जनतारुपी ईश्वर भक्त तथा भगवान् जस्तै भएर एक अर्काप्रति समर्पित रुपमा रंगीचंगी चाँगे मखमली आदि फूल भएर नेपाल सभागृहमा युगयुगसम्म यही पुरानो तर प्रख्यात कविको कविता स्मरण गरी रहुँ । माटोलाई खण्डित हुन नदिऊँ ।

यवन्ले राज् गर्दा कति पतित
हिन्दुस्थल भयो

फगत् यो नेपाल्को मुलुक बची
कञ्चन रही गयो ।

# पिसहोम पुनर्स्थापना केन्द्र तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य



### पृष्ठभूमि तथा स्थापना

दुर्व्यसन एउटा रोग हो, कुनै अपराध होइन। यसको पनि उपचार सम्भव छ भन्ने सिद्धान्त बोकी मिति २००५।६।५ मा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई यस संस्था पिस होम रिहाविलिटेसन (पुनर्स्थापन) तथा सुधार केन्द्रले समाजमा अब्यवस्थित र समाजबाट अपहेरित तथा नशाका कारण शारीरिक अशक्तता तथा मानसिक रुपमा विक्षिप्त भएका विभिन्न वर्ग जाति तथा समुदायमा रहेका दुर्व्यसनीहरूको उपचार गर्ने गर्दछ।

हाल यस केन्द्रमा १८ वर्षदेखि ५० वर्ष उमेरसम्मका ५० जना दुर्व्यसनीहरूको उपचार भइरहेको छ। सामान्यतया उपचारको अवधि अधिकतम ६ महिना हुने गर्दछ र बिरामीको अवस्था हेरी उपचारको समय बढ्न पनि सक्छ।

स्थापना कालदेखि पनौति ८ मल्पी काभ्रेमा यस केन्द्र अवस्थित छ। पनौति नगरपालिकामा सूचिकृत यस संस्थाले स्थापनाकालदेखि देशका विभिन्न क्षेत्रका बिरामीहरूलाई उपचार उपलब्ध गराइरहेको यस संस्थाको कार्यक्षेत्र दुर्व्यसन मात्र नभइ विभिन्न प्राणघातक सरुवा तथा मानसिक रोगसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरूमा पनि सहभागिता जनाउँदै आएको छ।

नेपाल सरकार गृहमन्त्रालय मातहत रहेको यो संस्था समाज कल्याण परिषदसँग पनि आवद्ध रहेको छ। गृहमन्त्रालय लागु औषध नियन्त्रण शाखा सिंहदरबारबाट लागूऔषध उपचार तथा पुनर्स्थापन केन्द्र संचालक तथा व्यवस्थापकहरूका लागि व्यवस्थापन र मनोसामाजिक परामर्श तालिम प्राप्त संस्थापकद्वारा संचालित यो संस्था पूर्णरुपले Love and Care Concept मा आधारित भई कार्यक्रम संचालन गर्दछ।

स्वचालित तथा स्वशासित यो संस्था पूर्ण रुपमा गैरनाफामूलक संस्था हो। शहरी कोलाहल र प्रदूषित वातावरण अलग यो संस्था बगैंचा र खुला मैदानसहित शान्त र रमणीय स्थानमा अवस्थित छ।

लागूऔषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका २००५ अनुसार तालिम प्राप्त यस संस्थामा Psychiatric Doctor Ajaya Risal MD PhD, General Physician Rukum Raj Kafle MBBS KU को पनि संलग्नता रहेको छ भने परामर्शदातामा पवन श्रेष्ठ र विनोद खड्का रहनुभएको छ।

हाल संस्थामा कार्यक्रम संचालक एवं अध्यक्ष विवेक विक्रम राणा, उपाध्यक्षद्वय तथा व्यवस्थापकहरूमा दिपक चौलागाईं र शौरभ चौलागाईंलगायत अन्य पदाधिकारी तथा कर्मचारीहरूमा सिसेन श्रेष्ठ, प्रदीप रानाभाट, उदय खड्का र कपिल योन्जन लामा रहेका छन्।

यो संस्था स्थापनाकालदेखि नै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग आवद्ध रही सहकार्य गर्दै आइरहेको छ जसमा Recovering Nepal, FDDR रिहाव महासंघ, World Federation Against Drugs Sweden आदि रहेका छन्।














## सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य

यस केन्द्रले आर्थिक वर्ष २०७९।८० देखि सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्यको शुरुवात गरेको हो। जसअनुरुप प्रतिष्ठानले संस्थामा रहेका दुर्व्यसनीहरूका लागि ब्लान्केट वापत रु ९७,५०० को सहयोग गरेको थियो। प्रतिष्ठानसँग कार्यगत रुपमा आवद्ध भएको कारण यस प्रकारको सहयोग हरेक वर्ष प्राप्त हुने अपेक्षा गरिएको छ जसको लागि केन्द्र प्रतिष्ठानप्रति आभार व्यक्त गर्दछ।

कथा

# विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानद्वारा स्रष्टाहरू सम्मानित










काठमाडौं । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले यही साउन १३ गते शनिबार आदिकवि भानुभक्त आचार्यको २१० औं जन्मजयन्ती मनाएको छ । समारोहमा विभिन्न स्रष्टाहरूले भानुको योगदानको चर्चा गरेका थिए । कामनपा वार्ड नं. २९ स्थित घट्टेकुलो विकास समाजको हलमा साहित्यकार तथा साहित्यानुरागीहरूको बाक्लो उपस्थिति रहेको थियो । रोटरी क्लब अफ काठमाडौं र रोटऱ्याक्ट क्लब काठमाडौंको सहकार्य रहेको उक्त कार्यक्रमले स्रष्टाहरूलाई अभिनन्दन, सम्मान, पुरस्कार समर्पण, पुस्तक विमोचनलगायत प्रतियोगितात्मक कवि गोष्ठी पनि भएको थियो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति विष्णुबिभु घिमिरे प्रमुख अतिथि रहनु भएको उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईले गर्नुभएको थियो । संस्थाले २१० औं भानु जयन्तीको अवसर पारेर विभिन्न सर्जक, स्रष्टा, समाजसेवीहरूलाई विश्व नेपाली भानु शिखर अभिनन्दन पत्र-२०८० प्रदान गरेको छ । अभिनन्दित व्यक्तित्वहरू आफ्नो क्षेत्रमा अब्बल कर्मयोगी हुनुहुन्छ ।

विश्व नेपाली भानु शिखर अभिनन्दन पत्र-२०८० द्वारा सम्मानित हुनेहरूमा वरिष्ठ समाजसेवी एवम साहित्यकार मनमाया सिटौला, वरिष्ठ समाजसेवी एवम साहित्यकार स्नेह पोखरेल, वरिष्ठ समाजसेवी एवम स्वास्थ्यसेवी टंकबहादुर श्रेष्ठ, वरिष्ठ लेखक एवम समाजसेवी सुरेन्द्र ढकाल रहनुभएको छ ।

यसै गरी विश्व नेपाली भानु शिखर सम्मान-२०८० द्वारा विभूषित हुनेहरूमा वरिष्ठ समाजसेवी/शिक्षासेवी ई. ईश्वरकान्त सिटौला, वरिष्ठ कवि/साहित्यकार बालिका गिरी, वरिष्ठ समाजसेवी/ धार्मिक अभियन्ता शिवराम राजवंशी, रोटरी क्लब अफ काठमाडौंका प्रेसिडेन्ट किशोर उप्रेती, रोटरी क्लब अफ काठमाडौंका पास्ट प्रेसिडेन्ट तिर्थराज दाहाल, वरिष्ठ पत्रकार/ मुक्तककार निशा केसी र वरिष्ठ शिक्षासेवी/कलाकार कृष्णकुमार बोहरा हुनुहुन्छ ।

त्यस्तै वरिष्ठ समाजसेवी स्वार्गीय लक्ष्मीप्रसाद प्रसाईका परिवारबाट आफ्ना बुबा आमाको नाममा स्थापित लक्ष्मीप्रसाद सावित्रा विश्व नेपाली भानु शिखर सम्मान/ पुरस्कार-२०८० द्वारा वरिष्ठ कवि/गीतकार/कलाकार रमेश पौडेललाई प्रदान गरेको छ । यस पुरस्कारको राशी रु २५००० रहेको छ ।

त्यस्तै स्वर्गीय लक्ष्मीप्रसाद प्रसाईंकै परिवारबाट स्वर्गीय भरतकुमार प्रसाई ( सुपुत्र लक्ष्मी प्रसाद प्रसाई) को नाममा स्थापित भरतकुमार प्रसाईं भानु नव प्रतिभा पुरस्कार-२०८० बाट रोटरेक्टर र इन्टरेक्टर सम्मिलित प्रतिष्पर्धी कविहरूमध्ये आरटीआर स्वस्तिका ज्ञवाली (प्रथम) २) आरटीआर अनुप रेग्मी (द्वितीय) ३) आरटीआर सुशील हट्वाल (तृतिय) आरटीआर सन्तोष तुलाधर (सान्त्वना) पुरस्कारबाट पुरस्कृत हुनुभएको छ । उक्त पुरस्कारको राशी रु १५००० रहेको छ । साथै अन्य सहभागी कविहरूलाई पनि प्रमाणपत्र प्रदान गरिएको थियो । उक्त प्रतियोगितात्मक कवि गोष्ठीमा विजयीहरूको छनौट विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानद्वारा गठित कमिटीले गरेको थियो । उक्त अवसरमा स्रष्टा राधिका दाहालद्वारा लेखिएको बाल कविता संग्रह 'आमाको काख' को प्रमुख अतिथिलगायत अन्य विशिष्ट व्यक्तिहरूबाट बिमोचित भयो ।

समारोहका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति विष्णुविभु घिमिरेले विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान अग्रजहरूलाई सम्मान अनि नव प्रतिभाहरूलाई प्रोत्साहान गर्न निरन्तर लागि परेको देख्दा आफूलाई गौरवको अनुभूति भएको कुरा बताउनु भयो । उहाँले वाङमयको उत्थान गर्न सके मात्र राष्ट्र गतिशील, समृद्ध भएर जाने कुरा अभिव्यक्त गर्नुभयो । विविध क्षेत्रका अनुकरणीय सर्जक/स्रष्टाहरूलगायत लुकेका प्रतिभाहरूलाई उजागर गर्ने कार्यहरूले यस संस्थाको आयतन अझ विस्तृत भएर गएको कुरा बताउँदै भाषा, साहित्यको उत्थानमा आफ्ना बल, वर्गत अनि समर्पण भावले गरेका यी कार्यहरूले समाज अनि राष्ट्र समुन्नत बनाउन ठूलो योगदान हुने कुरा बताउनुभयो ।

कार्यक्रमका सभापति एवम संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईले उपस्थित सम्पूर्ण वाङमयप्रेमी अनि साहित्य अनुरागीहरूलाई स्वागत गर्नुभयो । स्वागत मन्तव्य दिने क्रममा उहाँले सम्पूर्ण अभिनन्दित, सम्म्मानित अनि पुरस्कृत व्यक्तित्वहरूलाई शुभकामना अर्पण गर्नुभयो । साथै उहाँले बिमोचित पुस्तक आमाको काखको संक्षिप्त चर्चा गर्नुभयो । प्रसाईंले आदिकविको योगदानको चर्चा गर्दै भाषिक एकीकरण गर्ने भानु नेपाली भाषा, साहित्यका मानसपिता भएको र उहाँले भक्तिधारामार्फत नेपाली साहित्यलाई विशिष्ट उचाईमा पुऱ्याएको कुरा व्यक्त गर्नुभयो । आज भानुको उच्च योगदानको कारण नेपाली भाषा यति बलशाली भएर गएको टिप्पणी उहाँले गर्नुभयो ।

कार्यक्रममा संस्थाकी वरिष्ठ उपाध्यक्ष एवम प्राज्ञ लक्ष्मी उप्रेतीले सम्पूर्ण अभिनन्दित, सम्मानित, पुरस्कृत व्यक्तिको संक्षिप्त परिचय दिनु भएको थियो । साथै उहाँले विविध क्षेत्रमा आफ्नो अब्बल परिचय दिइसकेका सर्जकहरूलाई यसरी नै संस्थाले सम्मान गरिरहेको जानकारी गराउँदै यसपाली प्रतियोगितात्मक कवि गोष्ठी गरेर नव प्रतिभाको उजागर गर्न खोजेको कुरा बताउनुभयो । उप्रेतीले संस्था यसरी नै गतिशील भएर जाने कुरा व्यक्त गर्दै सबैको साथ, सहयोग अनि निर्मल मनको सहयोग पाउन सके हामी अझै धेरै कामहरू गर्न सक्छौं भनेर आफ्ना भनाइहरू राख्नु भयो ।

अर्का वक्ता एवम विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानका सल्लाहकार एवम रोटरी क्लब अफ काठमाडौं २०२३/२४ का अध्यक्ष किशोर उप्रेतीले लक्ष्मीप्रसाद प्रसाईं, सावित्रा प्रसाईं र भरतकुमार प्रसाईको संक्षिप्त परिचय प्रस्तुत गर्नुभयो, जसको नामबाट संस्थाले विश्व नेपाली लक्ष्मीप्रसाद सावित्रा प्रसाईं भानु शिखर सम्मान एवम विश्व नेपाली भरतकुमार प्रसाईं भानु नव प्रतिभा सम्मान यसपटकदेखि प्रदान गर्न सुरु गरेको छ ।

विश्व नेपाली लक्ष्मीप्रसाद सावित्रा प्रसाईं भानु शिखर सम्मान-२०८० ग्रहण गरिसकेपछि स्रष्टा रमेश पौडेलले संस्थाले यसरी आफ्नो मूल्याकंन गरेकोमा हृदयदेखी प्रसन्नता व्यक्त गर्दै आउँदा दिनहरूमा आफ्नो रचनात्मक जिम्मेवारी अझ बढेर जाने कुरा बताउनु भयो ।

विशेष अतिथि पूर्व सभासद एव नेकपा माओवादी ज्येष्ठ कम्युनिष्ट मन्चका अध्यक्ष नन्दकुमार प्रसाईले आदिकवि भानुभक्तको विशिष्ट योगदानले आज नेपाली भाषीहरू विश्वभरी चम्किरहेका छन् भन्नु भयो । उहाँले विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान र यसका सुन्दर कार्यहरूले आफू पुलकित भएको र सरकारले पनि यस्ता गैर नाफामूलक परोपकारी संस्थालाई सहयोग गर्नुपर्ने कुरा बताउनुभयो ।

त्यस्तै रोटरी क्लब अफ काठमाडौंका पूर्वअध्यक्ष सुरेश सत्यालले विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानसँग फेरि पनि रोटरी क्लब अफ काठमाडौं र रोटऱ्याक्ट क्लब अफ काठमाडौंले सहकार्य कायम गरेर नयाँ साहित्यिक गतिविधि गर्दै जानुपर्ने कुरामा जोड दिनुभयो । त्यस्तै उहाँले भानु जयन्तीको अवसरमा आज भएका सुकार्यहरू अत्यन्तै सुन्दर भएका कुरा अभिव्यक्त गर्नुभयो ।

यस महत्वपूर्ण समारोहमा पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, पूर्व राष्ट्रिय पञ्चायतका सदस्य दिर्घराज प्रसाईं, पूर्व निर्वाचन आयुक्त एवम राजदुत डा. रामभक्त ठाकुर, पूर्व राजदुत प्रल्हादकुमार प्रसाईं, वरिष्ठ कलाकार एवम रंगकर्मी मदनदास श्रेष्ठ, प्राज्ञ डा. उषा ठाकुर, प्राज्ञ एवम वरिष्ठ साहित्यकार उन्नति बोहरा शीला, तेह्रथुम जिल्लाका पूर्व जिल्ला सभापति खगेन्द्राराज सिटौला, प्रतियोगितात्मक कविगोष्ठीका छनौट कमिटिका संयोजक डा.फणीन्द्रराज निरौला, रोटरी क्लब अफ काठमाडौंका पूर्वअध्यक्ष सुरेश सत्याल, उपाध्यक्ष गीता खड्का विशेष अथितिको रुपमा उपस्थिति हुनुहुन्थ्यो ।

त्यस्तै अथितिको रुपमा नोबेल साकोस साहित्य संस्थाका संयोजक वरिष्ठ साहित्यकार राजनप्रसाद न्यौपाने, आरम्भ साहित्यिक संस्थाका अध्यक्ष प्रेम ओली ढकलपुरे, ताप्लेजुङ सरोकार केन्द्रका अध्यक्ष टंक श्रेष्ठ, शैक्षिक व्यवसायी एवम अंग्रेजी साहित्यका विज्ञ जीवन कडरिया, प्रसाईं कल्याणकारी कोष उपत्यका समन्वय समितिका अध्यक्ष नरेन्द्रकुमार प्रसाईं, राष्ट्रिय शक्ति नेपालका केन्द्रीय सदस्य ध्रुव तिवारी, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रका उपाध्यक्ष ध्रुवप्रसाद प्रसाईं, घट्टेकुलो विकास समाजका उपाध्यक्ष प्रवीण ओझा, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी केन्द्रका महासचिव देविदास भट्टराई , सामुदायिक प्रहरी सेवा केन्द्रका इन्चार्ज रन्जयकाजी बेथाने, समीर मिडियाका व्यवस्थापक एवम युवा साहित्यकार प्रकाश शमीर, संगीतकार एवम गायक जीवन श्रेष्ठ, पत्रकार एवम समाजसेवी प्रवीन निरौला, समाजसेवी अविकेशर ओली, समाजसेवी कृष्णमान श्रेष्ठ, साहित्यकार डी.आर राई, पूर्व डीएसपी एवम लेखक श्रीप्रसाद प्रसाईं, साहित्यकार मुकुन्द प्रसाईलगायतको उपस्थिति थियो । कार्यक्रममा अथिति कविको रुपमा कवि खेम निरौलाले आफ्नो सुन्दर रचना वाचन गर्नुभएको थियो भने अभिनन्दित व्यक्तित्व मनमाया सिटौलाले सुन्दर संगिनी गीत गाउनु भएको थियो ।

कार्यक्रमलाई व्यवस्थित अनि सफल बनाउन संस्थाका उपाध्यक्ष तेजेन्द्रकुमार प्रसाईं, सचिव कोपिला शिवाकोटी, कोषाध्यक्ष रीता शिवाकोटी, सहकोषाध्यक्ष बिनोदकुमार श्रेष्ठ, वरिष्ठ सदस्यहरू राधिका दाहाल, तिर्थराज दाहाल, कल्पना प्रसाईं पाठक निरन्तर सक्रिय भएर लागिरहनु भयो । अजीवन सदस्यहरू सीता अर्चना पौडेल, नरहरि खरेल, भीष्म थपलिया, कमल प्रसाईं, पवन प्रसाईं लगायत युवा समाजसेवी एवम सामाजिक अभियन्ता बिजेन प्रधानांग, समाजसेवी नन्दकुमार पाठक, साहित्यकार गजेन्द्र मोक्तान, निता खड्का, दुर्गा मैनाली, बुद्धि आचार्य, राजेन्द्र डांगी, विश्वदीप सिटौला, एलिना सिटौला, गीता मैनाली प्रसाईं, साहित्यकार तारा सुवेदी, प्रजुन खड्का, अनन्त मल्ल, खगेन्द्र अधिकारी, सन्देश त्रिपाठी, साहित्यकार रश्मि रिमाललगायतको उपस्थिति थियो ।

कार्यक्रममा संस्थाका केही आजीवन सदस्यहरूलाई सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो भने प्रमुख अतिथि, प्रतियोगितात्मक कविता गोष्ठीको निर्णायकहरू लगायत कार्यक्रम सफल पार्न उच्च भूमिका खेल्नेहरूलाई संस्थाबाट टोकन अफ लभ प्रदान गरियो । पहिलो चरणको कार्यक्रम संस्थाका महासचिव पुकार तिमल्सिना अनि दोस्रो चरणको कार्यक्रम आरटीएन सुशील हट्वालले सहज, सुन्दर अनि कलात्मक ढंगले चलाउनु भएको थियो । संस्थाका वरिष्ठ सदस्य तिर्थराज दाहालले विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानसंगको रोटरी क्लबको सहकार्यलाई निरन्तरता दिनुपर्ने भनाइ राखेर कार्यक्रम समापन गर्नुभयो ।

# आफू अरूका लागि कृतिको सार

■ **इन्दुल के.सी.**

स्मृति निबन्धकार निर्मला श्रेष्ठज्यूले लेख्नुभएको "आफू अरूका लागि" पुस्तक शब्द यात्रा प्रकाशनको १३५ औँ प्रकाशन पुष्पको रूपमा पाठक समक्ष आएको छ । यस पुस्तकमा दिइएको परिचयअनुसार लेखिका उच्च शिक्षा हासिल गरेकी र स्वेदश तथा विदेशहरूमा भ्रमण गरी धेरै अनुभव बटुलिएकी, लिङ्कन इन्टरनेसनल बोर्डिङ स्कुल बेनपालगायत विभिन्न नौंओटा सङ्घ सङ्स्थाहरूका सङ्स्थापक, नेपाल रेडक्रस सोसाइटीलगायत १२ ओटा सामाजिक सहकारी, राष्ट्रिय बैंक, आदि सङ्स्थाहरूमा आवद्ध सक्रिय महिला हुनुहुन्छ ।

नाला टुसाल, काभ्रेमा २०२५ सालमा जन्मनुभएकी श्रेष्ठ महिलावर्गको सशक्तीरणका लागि जीवन बिताइरहेकी अभियन्ताको रूपमा सुपरिचित छिन् । यस पुस्तकको माध्यमबाट नेपाली साहित्य क्षेत्रमा एक नारी हस्ताक्षरको रूपमा झुल्कन आउनुभएको छ ।

अधिकांश मानिस अरूका लागि होइन, आफ्नै व्यक्तिगत जीवनका लागि बाँच्तछन् तर निर्मला श्रेष्ठ आफू अरूका लागि बाँच्ने महिलाको रूपमा बाँचिरहनुभएको प्रमाणको दस्तावेज यस पुस्तकको माध्यमबाट दिनुभएको छ । यस पुस्तकमा जम्मा १९ ओटा निबन्धहरु छन् । आफ्नो जन्मस्थान नालाको परिचय, आफूलाई जन्म दिने आमा-बुबा, परिवारजन, मित्रहरु, अभिभावक, गुरूहरूको यथोचित्र सम्मानआदरका भावनाहरु प्रचुर मात्रामा आकर्षक ढङ्गले प्रस्तुत गर्नुभएको छ ।

आफ्नो शारीरिक अवस्था "खोल्टी" हुनुपरेको र बाल मस्तिष्कमा परेको अमिट छाप, आफ्नो देब्रे गोडा कमजोर र बाङ्गो भएको, शान्त भवन अस्पतालमा अपरेसन गरिएको, पोलियोबाट पीडित, अहिले पनि सामान्य व्यक्तिसरह जुत्ता लगाउन आफू असमर्थ भएको ज्यादै दुःखदायी जीवनको व्यथालाई - "आफूलाई प्राप्त दुःखलाई पनि अवसरका रूपमा स्वीकार गर्न सकेको खण्डमा भने आफूलाई खुम्च्याएर बस्नु नपर्ने मेरो व्यावहारिक उपलब्धि हो ।" भनी गर्व गरिएको उहाँको भनाइ अरूका लागि ज्यादै महत्त्वपूर्ण प्रेरणा मान्नुपर्छ ।






भगवान कणकणमा व्याप्त हुन्छन् । हाम्रो नाङ्गो आँखाले नदेखे तापनि सबैतिर भगवान् बसेका हुन्छन् भन्ने अदृश्य दैविक भक्तिप्रति आफू इमान्दार रहेको तर कुनै मन्दिर गएर पूजा गर्न र आफ्नो मनकामना पूरा गर्ने अभिलाषामा, कुनै व्रत पूजा अहिलेसम्म गरी नसकेको यथार्थ र स्पष्ट कुरा निबन्धकारले लेख्नुभएको छ ।

रामचन्द्रजी उहाँको व्यावहारिक गुरु, जीवन बादे श्रेष्ठ महिला सशक्तीकरणमा गुरु, प्रतिभा सुवेदी सहकारी अभिभावक, भारतका प्रेमपाल रावत आफूलाई चिनाउने आध्यात्मिक गुरु तथा यो पुस्तक लेख्न आवश्यक सरसल्लाह र प्रेरणा दिनुहुने डा. इन्दुल केसीलाई मान्नुहुन्छ ।

हाम्रो देश कृषि प्रधान भएकाले आफू पनि बाँच अनि अरूलाई पनि बचाऔँ भन्ने भावनाले अर्गानिक खेतीको अभियानमा लाग्नुभएको छ । विषादी र रसायनिक मलको अन्नधुन्न प्रयोगले हाम्रो समाजमा कडा प्राण घातक रोगहरु क्यान्सर, सुगर, प्रेसर, छाला, हड्डी खिइने, नसा च्यापिने, हर्ट एट्याक सम्बन्धी विविध रोगहरु लाग्ने भएकोले कृषि प्रवर्द्धनको लागि युवा वर्गलाई अर्गानिक खेतीतर्फ लाग्नु उहाँ प्रेरकको रूपमा रहनुभएको देखिन्छ । "विदेशी होइन, स्वदेशी खोजौं, विषादी होइन, अर्गानिक नै रोजौं" भन्ने मूल नारा बोकी उद्यमशीलता विकास गर्ने निर्मला श्रेष्ठको धोको रहेको छ ।

पुस्तकको उपसङ्हारमा - आफ्नो जीवन अरूका लागि उपयोग गर्न चाहने सम्पूर्ण सचेत व्यक्तिका लागि यो पुस्तक, आफ्नो अभियान र आफ्नो जीवन समर्पित गर्नुभएको अभिव्यक्ति पोख्नुभएको छ ।

आफ्नो बाल्यकालदेखि वर्तमान समयसम्म पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिकलगायत विविध पक्षमा सङ्घर्षशील भई आत्मविश्वासका साथ अघि बढिरहेको कुरामा आधारित आत्मकथात्मक निबन्धहरूलाई उहाँले रोचक र मार्मिक रूपमा यस पुस्तकमा प्रस्तुत गनुभएको छ । जीवन भोगाइका क्रममा हरेक मानिसले अनेकौँ उकाली र ओराली पार गर्छ, सुखदुःख भोग्छन् । आफ्नो सीमित परिवारको स्वार्थपूर्तिका लागि जीवन व्यतीत गर्ने गर्छन् । केही नगन्य रूपमा निर्मला श्रेष्ठ जस्ता व्यक्तिहरु मात्र समाजमा देखा पर्छन्, जसले व्यक्तिगत स्वार्थका लागि होइन, समाज र राष्ट्रका लागि अभियन्ताका रूपमा जीवन अर्पण गर्छन् ।

पुस्तकको प्रकाशक शब्दयात्रा प्रकाशनका अध्याक्ष हरि मञ्जुश्रीले प्रकाशकीय लेखनमा भन्नुभएको "यो पुस्तक पढ्दा पाठकहरूलाई सकारात्मक सोच राख्ने हो भने अरूको हितमा आफूलाई समर्पित तुल्याउन सकिँदो रहेछ भन्ने प्रेरणा प्राप्त हुनेछ" भनाइ सत्य सावित हुन्छ भन्ने यो टिप्पणीकारलाई लागेको छ । इन्जिनियर रोशन मञ्जुश्री अधिकारीज्यूले आकर्षक ढङ्गमा साजसज्जा गर्नुभएको मूल्य मात्र रू.१३० रहेको यो पुस्तक पठ्नीय छ ।

# बेसारका फाइदा

बेसार नेपालमा सदियौंदेखि ऋषिम निहरूले यसको प्रयोग एक औषधिका रूपमा गर्दै आएको र आयुर्वेदमा यसको गुणहरूको पर्याप्त बयान गरेको पाइन्छ ।

धेरै पटक पिसाब गरिरहनु पर्ने, पानीको प्यास बढी लाग्ने भएमा वा मधुमेह (डायबिटिज) भएमा पनि यो औषधिले राम्रो फाइदा गर्दछ । बिहान,बेलुका ११ चम्चा शुद्ध राम्रो बेसारको धूलो पानीसँग खाने ।

१ चिम्टी खाने खयर, १ चिम्टी बेसार तातोपानीसँग विहानरवेलुका खाने गरेमा २र३ दिनमा नै सुख्खा खोकि ठिक हुन्छ ।

राम्रो शुद्ध बेसारको धूलो ५० ग्राम २०० ग्राम तोरी वा तिलको तेलमा पकाउने, राम्ररी पाकेपछि छानेर सिसीमा हालेर राख्ने आवश्यकता अनुसार कुनै पनि घाउमा ,कान दुखेमा कानमा हालेर निको पार्न सकिन्छ ।



१ चम्चा घ्यू कुमारीको गुदी, १चम्चा राम्रो बेसार १ चिम्टी सिदेनून फिटेर तातो पानीसँग खाली पेट केही दिन खाएमा ठीक हुन्छ ।

५ ग्राम राम्रो शुद्ध बेसार दूधमा पकाएर बिहान बेलुका २४ दिन सेवन गर्नाले शरीरमा सुन्निएको साथै मर्केको पनि ठीक हुन्छ । बिहान,बेलुका शुद्ध बेसार १ चम्चा खाने र घोटेर लेप बनाएर मनतातो पारी गलगाँडमा दिनदिनै लगाउने गरेमा ठीक हुन्छ तर धेरै पुरानो भए निको हुदैन ।

हावा भरिएर पेट फुल्ने, दुख्ने, बटारिने भएमा १ चम्चा बेसार र १ चम्चा नून १ गिलास पानीमा पकाएर बिहान्बेलुका खानाले ठिक हुन्छ । आधा चम्चा बेसार दिनको ३ पटक मनतातो पानीसँग खाएमा कफ जमेर हुने कफ ठिक हुन्छ । ज्वानो र बेसार १ चम्चा दिनको ३ पल्ट १ गिलास पानीमा पकाएर खाएमा यसले रुघा पाक्छ र चाँडै आराम हुन्छ । २ चम्चा बेसार २ गिलास पानीमा पकाउने र १ गिलास भएपछि गारगल्कुल्ला दिनको २ पटक गरेमा ठीक हुन्छ ।

१ गिलास दूधमा १ चम्चा बेसार हालेर उमालेर दिनको २ पल्ट खाएमा ठिक हुन्छ । बेसारको टुक्रा पोलेर सुत्ने बेला चुस्ने गरेमा पनि खोकी ठिक हुन्छ । टंसिल दुखेकोमा बेसार र मह फिटेर रुद्रघण्टीमा बेलुका सुत्ने बेलामा लगाउने गरेमा ठीक हुँदै जान्छ । गौत(गाईको पिसाब) आधा गिलास, १ चम्चा बेसार, १ चम्चा सखर हालेर नित्य बिहान्बेलुका खाने गरेमा हात्तीपाइले रोग ठीक हुँदै जान्छ ।

घ्यू कुमारीको गुदी नित्य बिहानरबेलुका एकरएक चम्चा खाने गरेमा वाथरोग ठीक हुन्छ । मर्केको, चोट लागेको र सुनिएकोमा घ्यू कुमारीको गुदीमा बेसार मिसाउने र तताएर बाँधिदिएमा छिटै दुख्न कम हुन्छ, चोट पनि ठिक हुन्छ ।

रायोको तेलमा नून बेसार मिलाएर नित्य सुत्ने बेलामा औंलाले दाँत राम्ररी माझेर मनतातो पानीमा कुल्ला गर्ने गरेमा १र२ हप्तामा नै गिजा तथा दाँत जरैदेखि बलियो हुन्छ । घ्यू कुमारीको गुदीमा बेसार मिसाउने र तताएर बाँधिदिएमा छिटै दुख्न कम हुन्छ, चोट पनि ठिक हुन्छ ।

# जब आइन्स्टाइनले आँखाबाट आँसु झारे...



**विष्णु भट्टराई**

परमाणु बमका निर्माता अल्बर्ट आइन्स्टाइन यहुदी थिए। जर्मनबासी आइन्स्टाइन यहुदी भएकै कारण उनले जर्मनबाट अमेरिका पलायन हुनु परेको थियो। दोस्रो विश्वयुद्ध चलिरहेको थियो। जर्मन शासक एडल्फ हिटलर यहुदीहरूका कट्टर दुश्मन थिए। स्वस्तिक चिन्ह बोकेर आर्य जातिको विश्व प्रभुत्व कायम गर्ने दुःस्वप्न हिटलरले देखेका थिए। भाषण कलामा निपुण हिटलर आफू शाकाहारी थिए। तर यिनैले लाखौं यहुदीहरूलाई ग्यास चेम्बरमा हालेर निर्ममतापूर्वक हत्या गरेका थिए। हिटलर प्रजातान्त्रिक विधि निर्वाचनबाटै सत्तामा पुगेका थिए। तर उनी सत्तासीन भएपछि आफ्नो सर्वसत्ताबाट जर्मन नागरिकहरूमाथि लादे। साम्राज्य विस्तार गर्ने हिटलरको महत्वकांक्षाले दोस्रो विश्वयुद्धको श्रीगणेश गरेको थियो।

युद्ध चलिरहँदा कसले जित्ने हो वा कसले हार्ने हो अनुमान लगाउन कठिन थियो। त्यतिबेलै आइन्स्टाइनले भविष्यवाणी गरे- जोसँग परमाणु हुने छ उसैले युद्ध जित्नेछ। त्यसबेलासम्म आइन्टाइनबाट अमेरिकाले परमाणु बम हात पारिसकेको थियो। अमेरिकी राष्ट्रपति ट्रुमेन जापानसँग त्रसित थिए। तर जापान युद्धले थिलथिलो भइसकेको थियो। हार नजिक पुगेको जापानमाथि अमेरिकाले परमाणु बम प्रहार गर्ने योजना बनायो। जापानले अनुमान समेत लगाउन सकेको थिएन कि आफूमाथि महाविपत्ति आइलाग्दैछ। जापानलाई हराउन हेतु अमेरिकाले जापानमाथि परमाणु बम प्रहार गरे। यस घटनाले आइन्स्टाइन दुःखी बने र अगस्ट ६ लाई ब्लाक डे भनिदिए। परमाणु बमको धमकासँगै दोस्रो विश्वयुद्ध अन्त्य भएको थियो। परमाणु बम पड्किएको देख्नेहरूको त्यसबेलाको बयान यस्तो थियो-

मैले आफ्नै आँखाअगाडि दशहजार फिट अग्लो आगोको मुस्लो देखेँ। जुन धरतीबाट उडेर आकाशतर्फ बेसुरसँग दौडिरहेको उल्का जस्तै देखिन्थ्यो। हेर्दाहेर्दै त्यो आगोको मुस्लो ठूलो च्याउजस्तै हुँदै ४५ हजार फिटको उचाइसम्म पुग्यो। आकाशमा अब आगोको ज्वालाबाट बनेको विशाल च्याउजस्तै शिखरहरू थिए। त्यसबाट आगोका लप्काहरू खसिरहेका थिए।

**- अमेरिकी पत्रकार विलियम लरेन्स (प्रत्यक्षदर्शी)**

ड्वाङ आवाज आएपछि मैले जमिनमा जतासुकै पहेंलो र निलो प्रकाश फैलिएको देखेँ। हस्पिटलतिर हेरेको त हस्पिटलका भवनहरू ड्याम ड्याम जमिनमा लडिरहेको देखेँ। चारैतिरबाट ठूलठूला आवाज आउन थाले। आगोको रापले मेरो शरीर पनि जल्न थाल्यो र भुइमा लडीबुडी गरेर आगो निभाएँ तर ढाडको छाला खुइलिसकेको थियो। सहरमा पूरै हाहाकार मच्चिरहेको थियो। हस्पिटलका जवान, डाक्टर र नर्स सबै मुर्छा भइसकेका थिएँ।'

**इयची साकागासी (आर्मी हस्पिटल, हिरोसिमा)**

प्यारासुट विस्तारै तल झरिरहेको थियो। एकैछिनमा आँखा नै तिर्मिराउने खालको बिजुली चम्कियो। म भुइँमा पछारिएँ। आकाशमा अन्धकार बादल छायो। धेरै ठूलो आवाजले घरका सम्पूर्ण झ्यालढोकाहरू चकनाचुर भए। बाहिर कालो वर्षा हुन थाल्यो। पछि यो थाहा पाएँ प्यारासुट त विनाशकारी बम पो रहेछ।

**इजुमी इजुहिरी (बम आक्रमणबाट बाँचेकी जापानी महिला)**


उषाकालीन समय। जापानको सुन्दर सहर हिरोसिमाको आकाश पूरै सफा थियो। बादलका टाटाहरू पनि देखिँदैनथे। सूर्यको किरणसँगै चराहरूको चिर्बिराहटले वातावरण मनमोहक थियो। निद्रादेवीको प्यारो काखबाट भर्खर ब्युँझिएका मानिसहरू उज्यालो दिनसँगै नित्य कर्ममा जुटिरहेका थिए। सधैंझैं आज पनि हरेक मान्छे आआफ्नो दिनचर्याको प्रस्थानबिन्दुतर्फ लम्किरहेका थिए। कसले सोचेको थियो र एकैछिनमा हिरोसिमा आगोका लप्काहरूसँगै खण्डहरमा परिणत हुँदैछ भनेर। बमको धूवाँमा निसासिएर आगोको लप्काले भतभती पोलेर पानी पानी भन्दै मान्छेहरू छटपटाउने छन्, यस्तो कहालिलाग्दो दृश्यको कल्पना कसले गरेको थियो र ?

घटना अशोचनीय र अकल्पनीय थियो। सन् १९४५ अगस्त तारिख बिहान ७.०९ बजे साइरन बनाउँदै 'बी २९' नामक अमेरिकी बम वर्षक विमान एक्कासि हिरोसिमाको आकाशमा देखियो। सो विमानले कुनै पनि बेला हिरोसिमामा बम बर्षाउन सक्ने समाचार रेडियोले प्रसारण गर्दै हिरोसिमाबासीलाई सतर्क गरायो। उक्त विमानले एक चक्कर लगायो आकाशमा र पुनः फर्कियो।

हिरोसीमाबासीले रेडियोको समाचारको पनि त्यत्ति विश्वास गरेनन्। केही समयपछि चुकेगु जिल्लाको मुख्य सैनिक इलाकाबाट अब हिरोसीमा खतरामुक्त भएको छ सबैजना आआफ्नो काममा लागे हुन्छ भन्ने सूचना प्रवाहित गरियो। हिरोसिमाका बासिन्दा सन्त्रासमुक्त मुद्रामा हर्षित हुँदै आआफ्ना धन्दामा जुटे। विद्यार्थीहरू विद्यालयतर्फ कृषकहरू खेततर्फ मजदुरहरू कारखानातर्फ र कर्मचारीहरू कार्यालयतर्फ लागे। नातेदारहरू आफन्तसँग भेटघाटमा लागे। सडकमा रेलगाडी, मोटरगाडी, स्कुटर र साइकलहरू दौडिन लागे। सबै मान्छेहरू पूर्ववत काममा व्यस्त भए।

रेडियोले खतरामुक्तको सूचना प्रसारण गरेको एक घन्टा मात्र के बितेको थियो अर्थात् ८.१५ बजे अचानक निलो र सफा गगनमा तीनवटा विमान विचलन हुन थाले। तीन विमानमध्ये एनोला गे नामको विमानबाट एउटा प्यारासुट झरेको दृश्य देखियो। उक्त प्यारासुटमा विभिन्न रंगले सजिएको एउटा गोलो वस्तु झुन्डिरहेको थियो। नानीहरू प्यारासुटतिर हेरेर रमाउन थाले। प्रायशः मानिसको नजर त्यही प्यारासुटतिरै केन्द्रित थियो। स्कुलेहरूले प्यारासुट प्यारासुट भनेर कराएको आवाज सुनेर सहरबासीहरू पनि घरको झ्याल खोलेर यो बिल्कुलै नवीनतम दृश्यको अवलोकन गर्न थाले। हेल्लो शत्रुका तीनवटा ठूला विमान अहिले सेजो नगरको पश्चिम आकाशमा उडिरहेका छन्। तिनीहरू हिरोसिमातिर बढिरहेकाले पूर्व सावधान हुनु। सैनिक इलाकाबाट रेडियो स्टेशनमा तुरुन्त फोन आयो। यो खबर रेडियोबाट लगत्तै प्रसारण पनि गरियो। प्रसारण पूरा हुन नपाउँदै आकाशबाट ड्वाङ भयानक आवाज आयो। रेडियो एक्कासी बन्द भयो। मानिसहरूले के भयो भनेर अनुमान पनि गर्न सकेनन्। रेडियो स्टेसन विमानबाट प्यारासुटमा खसालिएको गोले रंगीचंगी डल्लो अर्थात् लिटर ब्वाय नामको एटम बमले क्षतविक्षत भइसकेको थियो।

५ सय ८० मिटर माथि नै उक्त बम बेजोडले पड्किएर त्यहाँबाट आगोको ज्वाला निस्कियो। सुन्दर हिरोसिमा नगरलाई एकैछिनमा भष्म बनाइदियो। २८ सेकेन्डसम्म त पूरै सहर आगोमय र रातै भएको देखियो। चारैतिर यति तातो फैलियो कि मानौं आकाशबाट हिरोसिमा प्रज्ज्वलित सूर्य नै खस्यो। त्यतिखेर त्यहाँको तापक्रम ५ हजारदेखि ६ हजार डिग्री सेल्सियससम्म पुग्यो। १ मिनेटमै १४ वर्गकिलोमिटर क्षेत्र जलेर ध्वस्त भयो। सहरका ठूला भवनहरू, कलकारखानाहरू र ऐतिहासिक स्मारकहरू हेर्दाहेर्दै खरानी भए। बाटोमा हिँडिरहेका मोटरगाडी, रेलगाडी र मानिसहरूलाई आगोको ज्वालाले हुत्याएर टाढाटाढासम्म छरियो। असह्यनीय तातोले मान्छेहरू, पशुपक्षी र अन्य वस्तुहरू धूवाँ बाफ र खरानीमा परिणत भए। सो बमबाट तत्कालै एक लाख नागरिकको मृत्यु भएको थियो। साथै उक्त बमको असरका कारण सो वर्षको डिसेम्बर महिनासम्ममा १ लाख ४४ हजार नागरिकको ज्यान गएको थियो। तर अधिकारीहरूले उक्त समयमा हजारौं नागरिक हराएकाले त्योभन्दा बढीको मृत्यु भएको अनुमान गरेका छन्।




दोस्रो विश्वयुद्धको अन्त्यतिर भएको सो घटनाको तीन दिनपछि पुनः अर्थात् अगस्ट ९ तारिखमा जापानको अर्को सहर नागासाकीमा पनि अमेरिकाले नै बम खसालेको थियो। उक्त बम हमलामा परी ७० हजार नागरिकको ज्यान गएको थियो। दोस्रो विश्वयुद्धमा जापान र अमेरिका दुई प्रतिद्वन्द्वी राष्ट्र थिए। सन् १९४१ देखि १९४५ सम्म दोस्रो विश्वयुद्ध भएको थियो। यी दुई हमलापछि जापानले अमेरिकासँग आत्मसमर्पण गरेको थियो। त्यसलगत्तै दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो। यो आक्रमणसँगै अमेरिका विश्वको ठूलो शक्तिको रुपमा उदाएको हो।


सबै डढेर काला ठुटाझैं देखिए। 'आगोले पोल्यो बचाऊ बचाऊ' पानी पानी, म पानी पिउँछु' भन्दै मानिसहरू चिच्याएर यत्रतत्र दौडिन थाले। पोलेको शरीरलाई चिस्याउन भौतारिँदै खोलामा डुबेका मानिसहरू धेरैजसोलाई खोलाले नै बगायो, खोलाको पानी पनि अत्यधिक तातेर भकभक उम्लिरहेको थियो।

डढेका वस्तु, रक्ताम्मे लासहरू नदीमा बग्न थाले। खोला, पोखरीका माछा गोहीहरू पानीबाट उफ्रिन खोज्दै किनारमा पछारिएर भटाभट मर्न थाले। मान्छेहरू विरुप देखिए। कसैको हात चुँडिए त कसैको गर्धन। शरीरका विभिन्न अंगहरू उछिट्टिएर टाढाटाढासम्म पुगेका थिए। पग्लिएको सिसा र अन्य धातुमा मान्छेका अंगहरू टाँसिएका थिए। केही समयमै बाक्लो बादल र धूवाँले सूर्यलाई ढपक्कै ढाकिदियो।

सर्वत्र दिउँसै अन्धकार छायो। हावाको भूमरी उठ्यो अनि मुसलधारे रेडियोधर्मी वर्षा सुरु भयो। कालो हिलोझैँ बर्सिएको अत्यन्त चिसोपानी यो पानीमा पर्नेहरू सबै काला बन्न पुगे। विकिरणका कारण उनीहरू तालुखुइले भए। जजसले बम खसेको दृश्य हेरे उनीहरू सबै अन्धा भए। तत्कालै मर्नेहरू त दुःखबाट बरु पार पाए। बम खसेको केन्द्रबाट १२ देखि १४ किलोमिटर टाढा बस्नेहरू अणुबमको विकिरणबाट जोगिन सकेनन्। उनीहरूमध्ये कतिको शरीरको बाहिरी भाग कालो भएर डढ्न पुग्यो। कत्तिको शरीरको छाला प्याजको बोक्राजस्तै उप्कियो। ज्यादा तातोका कारण मानिसले लगाएका लुगाको छाप नै शरीरमा बस्यो। कसैको लुगा शरीरमै जल्न थाले। रेडियो विकिरणले कयौंको यौनांग डढेर नष्ट हुँदा र कपाल समेत एउटै नरही झर्नाले आईमाई हो कि स्वास्नीमान्छे छुट्याउन गाह्रो भयो।

केही दिनपछि रेडियोधर्मिताको सिकार भएका हिरोसिमाका बासिन्दालाई क्यान्सरको लक्षण देखा पर्न थाल्यो। हिरोसिमा सहरदेखि ६०।६२ किमिसम्म रहेका अन्य नगरबासीले पनि एटमबम पड्किएको आवाज सुनेर जबर्जस्त धक्काको महसुस गरेका थिए। सिसाका टुक्रा र धारिला वस्तुहरू उछिट्टिएर मानिसहरू घाइते बने।

बम विस्फोट भएको २० मिनेट पछाडि कालोबादलको मुस्लोले आकाश ढाक्यो र बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म लगातार कालो वर्षा भइरह्यो। हिरोसिमाको उत्तरको कावे क्षेत्र र पश्चिमको कोइ र तकासु क्षेत्रमा घनघोर वर्षा भयो। वर्षाको मात्रा दुई घण्टाभित्र ५० देखि १०० मिलिमिटरसम्म रह्यो। सल्किइरहेको आगो यो पानीले केही मत्थर त भयो हिलो र अलकत्रा जस्तो पानीको असर अझ भयानक बन्यो। बम विस्फोटबाट बाँचेकी मिचिकी यातातावे



त्यस बेलाको क्षण सम्झँदै भन्छिन्- घाइतेहरू समेत कमजोर भएका थिए कि, उनीहरूमा आफ्नो शरीरमा लागेका काला झिँगा समेत धपाउने शक्ति थिएन। बम वर्षापछि हिरोसिमामा ठूलाखाले काला झिँगाहरू असाध्य उत्पत्ति भए र छाला उप्किएका बिरामीको शरीरमा भन्किन थाले। कति मान्छेहरू बम पड्किएपछि हिजियामा पार्कमा भागेर ज्यान बचाउन सफल पनि भएका थिए। युजिना बन्दरगाहमा घाइतेहरूको भीड बढेको देखिन्थ्यो।

आधा शरीर डढेका मानिसहरू आकी, असार, सेकी जस्ता बस्तीहरूमा गएका थिए। यो संख्या झन्डै ५० हजारभन्दा बढी थियो। रेडक्रस, हस्पिटल, आर्मिहस्पिटल, मित्सुविसी हस्पिटल जस्ता उपचार केन्द्रहरूमा पचासौं हजार घाइतेहरू थुप्रिन थाले। सहरका १ सय ६५ डाक्टरमध्ये ७० जना बम विस्फोटमा परेका थिए भने बाँकी शरीर डढेर काम नै गर्न नसक्ने भए। नर्सहरूको अवस्था पनि त्यस्तै थियो। धेरैजसो घाइतेहरू उपचारबिना नै त्यसै मर्न पुगे। ७७ हजार घरहरू भएको हिरोसिमा सहरमा मुश्किलले ६ हजार घरमात्र जोगिएका थिए।

*(स्रोत : रिडर डाइजेस्ट)*

# चीनले गऱ्यो मिथेनबाट चल्ने रकेटको सफल परीक्षण

अन्तरिक्षमा कसले दह्रो पकड बनाउने भन्ने दौडमा अमेरिका र चीन प्रतिस्पर्धामा छन्। सन् २०११ मा अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रबाट बाहिरिएको चीनले 'ट्येन्गुङ' अन्तरिक्ष केन्द्रमा बनाएर इतिहास रचिसकेको छ।

बुधबार चीनले नयाँ इतिहास रचेको छ। मिथेन र लिक्विड अक्सिजनबाट चल्ने संसारकै पहिलो रकेटको सफलतापूर्वक प्रक्षेपण उसले गरेको हो। एक चिनियाँ निजी कम्पनीले रकेटको सफल प्रक्षेपण गरेसँगै मिथेनबाट चल्ने रकेट निर्माणमा सफलता हासिल गरेको हो। इलन मस्कको स्पेस एक्स र जेफ बेसोजको ब्लू ओरिजिनलाई चिनियाँ कम्पनी ल्यान्डस्पेसले पछि पारेको छ।

चीनको यो घोषणा यस्तो बेला आएको छ, जतिबेला उसले सन् २०३०मा चन्द्रममा मानिस पठाएर स्याम्पल ल्याउने योजना सार्वजनिक गऱ्यो। बुधबार नै उसले यो योजना सार्वजनिक गरेको थियो। उक्त मिसनमा यही रकेट प्रयोग हुने घोषणा भइसकेको छ।

स्थानीय समय अनुसार बुधबार बिहान ९ बजे 'झुचे-२ क्यारियर रकेट' जिउक्वान लन्च सेन्टरबाट सफलतापूर्वक प्रक्षोपण गरिएको छ। यो प्रक्षेपण सेन्टर चीनको उत्तर पश्चिमी स्थानको मंगोलिया क्षेत्रमा अवस्थित छ।

चीनले लन्च गरेको यो रकेट दोस्रो पटकको प्रयासमा सफलता हासिल गरेको हो। पहिलो प्रयास सन् २०२२ को डिसेम्बरमा भएको थियो तर सफल हुन सकेन।

राजधानी बेइजिङमा रहेकको ल्यान्डस्पेस कम्पनीले चिनियाँ अन्तरिक्ष कार्यक्रम अन्तर्गतको अग्रणी निजी कम्पनीको रुपमा मानिन्छ। चीनले सन् २०१४ देखि मात्रै निजी कम्पनीहरूलाई अन्तरिक्षमा लगानी गर्ने बाटो खुला गरिदिएको थियो। जसमा ल्यान्डस्पेस सुरुवातदेखि नै काम गर्दै आएको छ। अप्रिलमा बेइजिङकै टियानबिङ टेक्नोलोजीले मट्टितेल-अक्सिजनलाई इन्धनको रुपमा प्रयोग गरेर रकेटको सफल प्रक्षेपण गरेको थियो।


चीनले सन् २०३० मा चन्द्रममा दुई वटा रकेट पुऱ्याउनका लागि यही इन्धन प्रयोग हुने रकेट जाँदै छन्। जसमा एउटा रकेटले चन्द्रमाको कक्षसम्म लुनार ल्यान्डर पुऱ्याउने र अर्को रकेटले अन्तरिक्षयात्रीहरूलाई छाड्ने छ। दुवै रकेट चन्द्रामाको कक्षमा पुगेपछि अन्तरिक्षयानलाई डकिङ-टाँसिने) गरेर चिनियाँ अन्तरिक्षयात्रीहरू लुनार ल्यान्डरमा प्रवेश गर्ने चिनियाँ योजना छ। जसमा उनीहरू लुनार ल्यान्डरमार्फत चन्द्रमको सतहमा पुगेर स्याम्पलहरू लिएर पृथ्वी फर्कनेछन्।

मिथेन-लिक्विड अक्सिजन रकेट प्रोपलेन्टको रुपमा मिथेल र लक्विड अक्सिजनको प्रयोग हुन्छ। यसमा मिथेन इन्धनको रुपमा र लिक्विड अक्सिजन अक्सिडाइजरको रुपमा प्रयोग हुन्छ। मिथेन इन्धनको रुपमा प्रयोग हुने भएकाले यसलाई मिथालोक्स पनि भन्ने गरिन्छ।

परामपरागत प्रक्षेपणमा प्रयोग गरिने सिद्धान्त र पद्दति एउटै भए पनि यस किसिमको इन्धन प्रयोग गर्ने रकेटको प्रोपलेन्ट र केही डिजाइनहरू फरक हुन्छन्। परम्परागत रुपमा प्रयोग हुने रकेटमा आरपी-१ फ्युल र लिक्विड हाइड्रोजनको प्रयोग हुँदै आएको छ।

आरपी-१ को विकल्पमा अहिले हाइड्रोजन त्यसपछि पाराफिन इन्धनको रुपमा प्रयोग हुँदै आएको छ। इलन मस्को फाल्कोन हेभी रकेटले आरपी-१ प्रयोग गर्छ। यसलाई रकेट ग्रेड किरोसिन पनि भन्ने गरिन्छ। डेल्टा-४ हेभी रकेटले लिक्विड हाइड्रोजन इन्धनको रुपमा प्रयोग गर्छ। यी इन्धनहरूको उत्पादन र रिफाइन गर्न धेरै खर्च र समय लाग्ने भएकाले केही महँगो र खर्चिलो हुन्छ।

मिथेन प्राकृतिक रुपमा सहज रुपमा उत्पादन गर्न सजिलो हुने भएकाले पनि सस्तो पर्छ। प्राकृतिक अवस्थामा पनि पाइने मिथेनलाई अन्य विभिन्न तरिकाबाट पनि निकाल्न सकिन्छ। उच्च ऊर्जा घनत्व, राम्रोसँग बल्न सक्ने र सजिलै



उपलब्ध हुनसक्ने भएकाले यसको सम्भावना धेरै नै रहेको अनुसन्धानकर्ताहरूले बताएका छन्। रकेट फ्युलमा मिथेनको प्रयोग धेरै नै फाइदाजनक मानिन्छ। जस्तो कि लिक्विड हाइड्रोजन र आरपी-१ भन्दा कम प्रदूषण गराउँछ र सुरक्षित, सस्तो र पुनःप्रयोग हुने भएकाले यसलाई उपयुक्त प्रपोलेन्ट मानिन्छ।

पहिलो अन्तरिक्षयात्री निल आर्मस्ट्रङ, बज एड्रिनलाई बोकेको स्याटर्न-५ रकेटमा करिब २० लाख लिटर मट्टितेल( रिफाइन किरोसिन-१ अर्थात आरपी-१) र लिक्विड अक्सिजन अक्सिडाइजरको रुपमा प्रयोग भएको थियो।

अन्तरिक्षमा जानका लागि सबैभन्दा महत्वपूर्ण भनेको रकेटमा प्रयोग गरिने इन्धनको रसायनिक अवस्था हो। त्यही भएर सस्तो सुलभ र उपयोगी इन्धनमा मुलुकहरूले जोड दिएका छन्।

सन् २०२० मा चीनले मानवरहित एउटा मिसन चन्द्रममा पठाएर स्याम्पलहरू ल्याएको थियो। त्यसबेला चीन अमेरिका र रुसपछि चन्द्रमाबाट स्याम्पल ल्याउने तेस्रो मुलुक बनेको थियो।

चीनले निर्माण गरेको यो रकेटको प्रक्षेपणसँगै चीनको सन् २०३०को मिसन सफल हुने अनुमान गर्न सकिन्छ। बुधबार लन्च भएको रकेटले चन्द्रमाको सन सिनक्रोनस अर्बिट(एसएसओ)मा एउटा पे-लोड पनि छाडेको छ। अर्थात्, सूर्यको सापेक्षमा एउटा स्थिर स्थितिमा राखिने वस्तु। यस्तो हुँदा सधैँ एउटै स्थानमा उक्त वस्तु घुम्ने गर्छ। अर्थात् कुनै दिन बेइजिङको आकाशमाथिबाट त्यो यानमाथि देखियो भने त्यस समयमा सधैं त्यही स्थान माथिबाट देखिन्छ। एसएसओ अर्बिटमा हुने यानले कुनै एउटा स्थानलाई एकै समयमा हेर्ने गर्दा समयसँगै भएका परिवर्तनहरूलाई विश्लेषण पनि गर्न मद्दत गर्छ।

कुनै समय चिनियाँ नेता माओत्से तुङले 'एउटा आलु पनि अन्तरिक्षमा पुऱ्याउन नसक्नेले कसरी विश्व शक्ति बन्छ' भन्ने कटाक्षले चीनले मिसाइल र आणविक कार्यक्रमलाई बढावा गरेको मानिन्छ। सन् १९९९ मा उसले पहिलो पटक अन्तरिक्षमा मानवरहित आफ्नो यान पठाएको थियो। चिनियाँ अन्तरिक्ष कार्यक्रममार्फत सन् २००३ मा पहिलो पटक आँफै अन्तरिक्षयात्री बनाउने तेस्रो मुलुक बनेपछि अमेरिका र रसियापछि अन्तरिक्षमा आफ्नै भू-भागबाट अन्तरिक्ष यात्री पठाउने पहिलो मुलुक बनिसकेको छ।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## कामको प्रचार किन ?



भारतका द्वितीय प्रधानमन्त्री लालबहादुर शास्त्री चर्चामा आउन पटक्कै चाहँदैनथे। उनी पत्रपत्रिकामा आफ्नो तस्बिर र नाम छापिने स्थिति भरसक नआओस् भन्ने चाहन्थे। उनी एक सफल राजनीतिज्ञ हुनुका साथै समाजसेवी पनि थिए। उनी सादा जीवन, उच्च विचारका पर्याय नै थिए।

एक दिन उनका एक निकट मित्रले सोधे– शास्त्रीजी, तपाईं किन पत्रपत्रिकाबाट टाढै बस्न रुचाउनुहुन्छ ? के तपाईं पत्रपत्रिकामा नाम छपाउन डराउनुहुन्छ हो ? कम्तीमा पनि तपाईं आफूले गरेका राम्रा कामबारे त प्रचारप्रसार गराउनुहोस्।

मित्रको प्रश्नले शास्त्री एकैछिन सोचमग्न भए। एकैछिन गमेर उनले जवाफ दिए– त्यस्तो होइन मित्र। म पत्रपत्रिकामा नाम छपाउन डराउन त डराउन्नँ। तर, मलाई कामभन्दा प्रचार बढी गरेको मन पर्दैन। मलाई एकपटक लाजपत रायले भन्नुभएको थियो– हेर लालबहादुर, संसारलाई मोहित बनाउन सफल संसारकै अनौठो संरचना तथा अमर प्रेमको प्रतीक ताजमहलमा दुई प्रकारका ढुंगा प्रयोग भएका छन्।

एकथरी बाहिरी चम्किला संगमर्मरका ढुंगा छन्, जसलाई संसारले देख्छ। जसको तस्बिर खिचेर संसारभर पुऱ्याइन्छ। तर, त्यही ताजमहलको भित्री जगमा यस्ता ढुंगा पनि छन्, जसले युगौंयुग जमिनको अँध्यारो गर्तमा पुरिएर पनि ताजमहललाई थामिरहेका छन्। हो, जीवनमा अँध्यारै अँध्यारो भए पनि ताजमहललाई थामिरहने जगका तिनै ढुंगाजस्तो बन्न चाहन्छु म। आखिर नामको प्रचार गरेर पाउनु नै के छ र ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। रचनात्मक काममा जुट्ने समय छ। भौतिक साधनहरू प्राप्त हुनेछन्। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि जग बसाउने मौका छ।

### वृष

व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ र मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। सानो प्रयत्नले सजिलै लक्ष्यमा पुग्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

### मिथुन

अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। सम्भावना देखिए पनि उपलब्धि हातपार्न धेरै श्रम गर्नुपर्ला। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। परिबन्धले व्याहारिक समस्या निम्त्याउन सक्छ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। पठनपाठनमा धेरै समय दिन नसकिएला।

### कर्कट

केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने समय छ। वादविवादले काममा समस्या निम्त्याउन सक्छ। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। अरूको भरपर्दा काम बिग्रन सक्छ। शुभचिन्तकको सहयोगले तत्कालको अन्योल भने टर्न सक्छ। व्यापार बढ्नेछ। यात्राको अवसर जुट्नुका साथै अतिथिका रूपमा सत्कार प्राप्त हुनेछ।

### सिंह

अरूको विश्वास गर्दा काम रोकिन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। विशेष उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। तापनि प्रयत्न गर्दा चुनौती चिर्दै काम बनाउन सकिनेछ। बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ।

### कन्या

मिहिनेत गर्दा लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ। सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा आदि प्राप्त गर्न सकिनेछ। व्यापारमा पनि फाइदा हुनेछ। पशुपालन र कृषिमा राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले उत्साह जगाउनेछ।

### तुला

हतारमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ, सजग रहनुहोला। अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग पनि सावधान रहनुहोला। केही समस्या देखिए पनि मिहिनेत गर्दा काम सम्पादन हुनेछ। साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। कृषि तथा पशुपालनबाट सामान्य फाइदा मिल्नेछ। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम समेत बन्न सक्छ।

### वृश्चिक

कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ। तर पहिलेका सहयोगीहरू प्रतिस्पर्धीका रूपमा देखा पर्नेछन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। उद्योग र व्यापारमा फाइदा हुनेछ। प्रतिद्वन्द्वीहरू बढ्नेछन् भने लाभांश बाँडिन सक्छ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर लाभ उठाउन सफल भइनेछ।

### धनु

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। बोलीको प्रभावले काममा फाइदा दिलाउनेछ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। धन तथा ज्ञानको भण्डार बढ्नेछ।

### मकर

काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। कामको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले साथ दिनेछन्। बिछोडिएका आफन्तसँग भेटघाट होला। पहिलेका कमजोरी सुधार्दै फाइदा उठाउने समय छ। पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ।

### कुम्भ

खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला। सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ। उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ। आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। नयाँ कुरा पाउन केही वस्तु त्याग्नुपर्नेछ। पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ।

### मीन

आयस्रोत सबल हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। आवश्यक भौतिक साधन जुट्नेछन्। व्यापारमा राम्रै फड्को मार्ने समय छ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।

# विश्वभर मूल्यवृद्धिको जोखिम



काठमाडौं। रुसले ब्ल्याक सी हुँदै गरिने खाद्यान्न निर्यातसम्बन्धी सम्झौता नवीकरण गर्न अस्वीकार गरेपछि विश्वभर मूल्यवृद्धि र केही देशमा खाद्य संकट निम्तिने जोखिम बढेको छ। गत वर्ष रुसले खाद्यान्न निर्यातमा छुट दिने गरी युक्रेनसँग सम्झौता गरेको थियो। तर, आफूसँग सम्बन्धित सर्तहरूको पालना नगरिएको भन्दै उसले सम्झौता नवीकरण गर्न अस्वीकार गरेको हो।

रुसले युक्रेनको खाद्यान्न राखिएको बन्दरगाहमा पनि आक्रमण थालेको छ। रुसी आक्रमणबाट ओडेसा बन्दरगाहमा ६० हजार टन खाद्यान्न नष्ट भएको कीभले दावी गरेको छ।

रुसले सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण गरेसँगै यसको सैन्य बलले ब्ल्याक सीमा रहेका बन्दरगाहलाई नियन्त्रणमा लिएको थियो। यस क्रममा ती बन्दरगाहमा निर्यात गर्न लागिएका दुई करोड टन खाद्यान्न रोकिँदा वैश्विक स्तरमा खाद्यान्नको मूल्य बढेको थियो। यही कारण युक्रेनको खाद्यान्नमा निर्भर रहेका मध्यपूर्व र अफ्रिकाका केही देशमा खाद्य संकट पनि देखापरेको थियो।

लामो समयसम्मको प्रयासपछि टर्की र संयुक्त राष्ट्रसंघको मध्यस्थतामा गत वर्षको जुलाईमा रुस र युक्रेनबीच ब्ल्याक सी हुँदै खाद्यान्न निर्यातको सम्झौता भएको थियो। सम्झौतापछि खाद्यान्न ढुवानी सहज हुँदा विश्वभर खाद्य मूल्य २० प्रतिशतले घटेको संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनले जनाएको थियो।

युक्रेन सूर्यमुखी तेल, मकै, गहुँ र जौ निर्यात गर्ने विश्वका प्रमुख देशमध्ये एक हो। राष्ट्रसंघको खाद्य तथा कृषि संगठनका अनुसार सन् २०२१/२०२२ मा विश्वबजारमा सूर्यमुखीको तेल निर्यातमा युक्रेनको हिस्सा ४६ प्रतिशत छ। यस्तै, जौ निर्यातमा १७, मकैमा १२ र गहुँमा ९ प्रतिशत हिस्सा युक्रेनले ओगटेको छ। यदि सम्झौता नवीकरण गर्न रुस सहमत भएमा युक्रेनलाई विश्वबजारमा करिब ३ करोड २० लाख टन खाद्य सामग्री आपूर्तिका लागि बाटो खुल्ने थियो। तर, अब युक्रेनले निर्यातका लागि वैकल्पिक मार्ग खोज्नुपर्ने भएको छ। युक्रेनले यसअघि ब्ल्याक सीमा रहेका ओडेसा, चोर्नोमोर्स्क र युज्नी बन्दरगाहबाट खाद्यान्न निर्यात गर्दै आएको थियो।

रुसले पश्चिमा देशको प्रतिबन्धका कारण सम्झौता नवीकरण नगरेको आरोप लगाएको छ। एक वर्षअघि सम्झौता हुँदा राष्ट्रसंघले रुसलाई कृषि उत्पादन र मल निर्यातमा सघाउने वचन दिएको थियो। तर, पश्चिमा देशले लगाएको प्रतिबन्धले सिपिङ फर्महरू, अन्तर्राष्ट्रिय बैंक र बिमाकर्ताहरूले आफूसँग कारोबार गर्न नचाहेको रुसको भनाइ छ।

रुसले सरकारी स्वामित्वको कृषि बैंकलाई पुनः भुक्तानी प्रणाली 'स्विफ्ट' मा जोड्न माग गरेको छ। विश्वभरका बैंकबीच कारोबारका लागि स्विफ्ट प्रणालीको प्रयोग गरिन्छ। राष्ट्रसंघले रुसलाई उक्त बैंकको सहायक कम्पनी स्थापना गरेर उक्त प्रणालीमा जोडिन अनुरोध गरे पनि रुसले मानेको छैन। टर्कीका राष्ट्रपति रेसेप तैय्यप इर्दोगानले आगामी अगस्टमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेट्ने र सम्झौताका लागि मनाउने बताएका छन्।

राष्ट्रसंघका अनुसार गत वर्ष युक्रेनले ४७ प्रतिशत खाद्यान्न स्पेन, इटाली र नेदरल्यान्ड्स जस्ता उच्च आय भएका देशहरूमा गरेको छ। यस्तै, २६ प्रतिशत टर्की, चीन जस्ता उच्च-मध्यम आय भएका देशहरू, २७ प्रतिशत खाद्यान्न इजिप्ट, केन्या र सुडान जस्ता कम र निम्न-मध्यम आय भएका देशहरूमा निर्यात गरेको छ। रुसले भने गरिब देशहरूमा युक्रेनले खाद्यान्न निर्यात गर्न नसकेकाले सम्झौताबाट बाहिरिएको दाबी गरेको छ। राष्ट्रसंघका अनुसार युक्रेनले गत वर्ष सम्झौताअनुसार अफगानिस्तान, इथियोपिया, केन्या, सोमालिया, सुडान र यमनमा मानवीय सहायताका रूपमा ६ लाख २५ हजार टन खाद्यान्न सहयोग गरेको छ। यस्तै, गत वर्ष राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमका लागि आएको खाद्यान्नमध्ये आधा हिस्सा पनि युक्रेनको थियो।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले खाद्यान्न निर्यात जारी राख्न चाहेको बताएका छन्। उनले जहाज सञ्चालन गर्ने सिपिङ कम्पनीहरू छलफल भइरहेको र ती कम्पनीहरू निर्यातका लागि तयार भएको जानकारी दिए। युक्रेनले खाद्यान्न निर्यातका क्रममा अन्तर्राष्ट्रिय सैन्य टोलीलाई गस्तीमा खटाउन सकिने जनाएको छ। तर, यस्तो सैन्य बलमा अन्य देशहरू सहभागी हुने सम्भावना न्यून छ।

यस्तै, वैकल्पिक मार्गका रूपमा डैन्युब नदीस्थित बन्दरगाह पनि प्रयोग गर्न सकिने युक्रेनले जनाएको छ। तर, यो बन्दरगाहको क्षमता सीमित र ढुवानी महँगो पर्नेछ। अन्य वैकल्पिक मार्गमा रेलबाट पोल्यान्ड हुँदै रोमानियाबाट खाद्यान्न निर्यात गर्न सकिने युरोपेली संगठनले जनाएको छ। रुससँगको युद्ध सुरु भएयता युक्रेनले कुल गहुँको १० प्रतिशत हिस्सा यही मार्गबाट निर्यात गर्दै आएको छ। सम्झौता नवीकरण नगर्ने रुसको निर्णयको अमेरिका तथा पश्चिमा राष्ट्रले आलोचना गरेका छन्।

# नागरिक विधेयकबारे मालेको असन्तुष्टि

काठमाडौं। नेकपा मालेले हालै प्रमाणीकरण गरिएको राष्ट्रघाती नागरिकता विधेयकबारे एक विज्ञप्ति जारी गर्दै आफ्नो धारणा सार्वजनिक गरिएको छ। पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा भनिएको छ- 'अघिल्लो संसदबाट पारित तर तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणिकरण गर्न नसकी निस्कृय बन्न पुगेको नागरिकता ऐंन- २०६३ को संशोधन विधेयक- २०७९ लाई संविधानमा ब्यवस्था नगरिएको बाटो प्रयोग गर्दै मन्त्रीपरिषदको सिफारिसको आधारमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको कार्य बिरुद्ध सर्वोच्च अदालतमा परेका रिटको सुनवाइ हुँदा सर्बोच्च अदालतका न्यायाधिश मनोज कुमार शर्माले गत २१ गते जेठमा उक्त नागरिकता ऐंन कार्यान्वयन नगर्ने अल्पकालीन अन्तरिम आदेश दिएका थिए। ७ असार, २०८० मा भएको त्यसको अर्को सुनवाइमा न्यायाधिशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले सभामुखको नभई मन्त्रीपरिषदको सिफारिसको आधारमा गैरसम्वैधानिक ढंगले राष्ट्रपति पौडेलद्वारा गरिएको प्रमाणीकरणलाई सदर ठहऱ्याई उक्त ऐंनलाई कार्यान्वयन गर्ने आदेश दिए।

संविधानको यस्तो नाङ्गो उल्लंघनप्रति दुख, क्षोभ र गंभीर आपत्ति प्रकट गर्दछु। यसले विद्यमान ऐंन र नियमावलिलाई छल्दै योजनावद्ध ढंगले दशौं हजारको संख्यामा वितरण/प्राप्त गरिएका किर्ते नेपाली जन्मसिद्ध नागरिकताहरूलाई वैध बनाउदै त्यस्ता किर्ते नेपाली जन्मसिद्ध नागरिकका वालिग दशौं हजार सन्तानहरूलाई वंशजको नेपाली नागरिकता वितरित/प्राप्त गर्ने ढोका खोलेको छ। यो नेपाललाई फिजीकरण गर्ने सम्वन्धित विदेशी शक्ति र त्यसका नेपाली तावेदारहरूको नाङ्गो राष्ट्रघाती कार्य हो, जसलाई जति निन्दा र विरोध गरे पनि थोरै हुनेछ।

अहिले सत्ता संचालन गर्ने ब्यक्तिहरूको दिमागमा नेपाली राष्ट्रियताप्रति किञ्चित मात्रामा संवेदनशीलता भए विदेशीले नेपाली वंशजको नागरिकता पाउने कार्यलाई न्युनिकरण गर्न एउटा कार्य अझै पनि सरकारले गर्न सक्तछ। त्यो हो अविलम्व एक सक्षम "उच्चस्तरीय नागरिकता छानवीन न्यायिक आयोग" गठन गर्नु। २०४६ साल चैत मसान्तभित्र नेपालमा जन्मी यही स्थायी बसोवास गर्ने मापदण्ड अनुसार भएका किर्ते जन्मसिद्ध नागरिकतालाई र अन्य किर्ते नागरिकताहरूलाई बदर गर्नु र त्यसपछि मात्र वैध नेपाली जन्मसिद्ध नागरिकका वालिग सन्तानहरूलाई कानुनतः नागरिकता दिनु। यो मध्यममार्गी समाधान हो, जसलले २०६३ साल कार्तिकमा गलत ढंगले बढाइएको नागरिकता सम्बन्धी आधारवर्षलाई खारेज नगरे पनि त्यसको आडमा दशौं हजार विदेशीले लिएको नेपालको किर्ते जन्मसिद्ध नागरिकतालाई खारेज गर्दछ र परिणामतः किर्ते नेपाली नागरिकका वालिग सन्तानलाई नेपालको वंशजको नागरिकता पाउनबाट बञ्चित गर्दछ।

जनताको तर्फबाट प्रश्न गर्दछु - यो काम हिजो गलत ढंगले नागरिकताको आधार वर्ष बढाउने वर्तमान सत्ताधारीहरूले गर्न किन नसक्ने ? एउटा गल्तीलाई प्रयोग गर्दै हुन लागेको अन्य जघन्य राष्ट्रघाती कार्यलाई पनि किन नरोक्ने ?'

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Lofty = चुलिएको Lofty mountains are the beauties of our landscape चुलिएका पहाडहरू नेपाली धरातलका सौन्दर्यहरू हुन।

Motley= बहुरंगी In former times, jesters in West used to wear motley coat पहिले पहिले पश्चिमी देशहरूमा हास्यब्यंग्य र जादु गर्नेहरूले वहुरंगी कोट लगाउदथे।

Neologism = नया बनाएको शब्द The development in the field of technology has invented also neologisms प्रविधिमा भएको विकासले नयाँ शब्दहरूको पनि आविष्कार गरेको छ।

Orgy = उन्माद, अनियन्त्रीत किसिम वा प्रवृत्ति As she found her big amount of lost money she indulged in an orgy of shopping हराएको ठूलो धनराशी प्राप्त भएकोमा तिन्ले अनियन्त्रित किसिमले किनमेल गर्नमा आफूलाई लगाइन।

Propensity = सिधा स्वभाव Convinced of her own talent, she developed in her unfortunate propensity to belittle others' talent आफ्नो क्षमता प्रति कुनै भ्रम नभएकोले अरूको क्षमतालाई कम आक्ने दुर्भाग्यपूर्ण सिधा स्वभावको उनमा विकास भयो।

Putrid = दुर्गन्धपूर्ण No sooner than did the scavenger uncover the organic waste dumped beside the street, a putrid smell environed खातेहरूले फोहोरको थुप्रो के खोतलेका थिए, दुर्गन्ध जतातते फैलियो।

Rococo = अति नै कलापूर्ण Medieval time was characterized by rococo style of furniture मध्यकालिन समयको विशेषता भन्नु नै कलापूर्ण फर्निचरहरू थिए।

Susceptible = सजिलै प्रभावित हुने, ग्रसित हुने Human beings having weak immune system can be susceptible to any disease कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू सजिलै कुनै पनि रोगबाट ग्रसित हुन सक्तछन।

Trifling = वेमतलवको, साधारण For such a trifling cold, no one should bother about taking medicine यस्तो साधारण रुघाको लागि कसैले पनि औषधि खाने कि नखाने भन्ने चिन्ता गर्नु बेकार छ।

Unison = सुर मिलेको, एकै स्वरको, The choir sang in unison hypnotized all the spectators एकै स्वरको समुह गानले सबैलाई मन्त्रमुग्ध बनाइदियो।

# Drive बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Drive something = केही कुरा हाँक्नु He has been driving a taxi for last 20 years गत २० वर्षदेखि ऊ टेक्सी हाँक्दै आइरहेको छ।

Drive to = हाँकेर जानु I drive to work काममा जाँदा म आफ्नै गाडी हाँकेर जान्छु।

Drive somebody to = गाडीमा लगिदिनु He always drives me to school उसले मलाई सधैं गाडीमा स्कुल लगिदिन्छ।

Drive something = लैजानु They drive their cattles before it is dark अँध्यारो हुनुअघि नै तिनीहरूले गाईवस्तुलाई गोठमा लैजान्छन।

Drive somebody back = लखेट्नु The soldiers drove the enemy back in while सिपाहीहरूले वैरीहरूलाई सजिलै लखेटे।

Drive somebody out of = नकिल्नु Nobody can drive me out of this club यो क्लबबाट कसैले पनि मलाई निकाल्न सक्तैन।

Drive something on to = ठोकिनु The storm drove the ship on to a arock आँधीको कारण जहाज चट्टानमा ठोकिन पुग्यो।

Drive along = बढार्नु The wind drives the dried leaves along हावाले सुकेको पातहरूलाई बढार्दै लग्छ।

## सुडोकु–अंक ३१३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | | ४ | २ | | | | | |
| | | १ | | | ७ | ६ | | |
| | | | ८ | | | | ४ | १ |
| १ | | | | | | | ६ | |
| ८ | | ९ | | | | १ | | ३ |
| | ७ | | | | | | | ५ |
| ६ | ९ | | | | ३ | | | |
| | | ७ | १ | | | ९ | | |
| | | | | | ५ | २ | | ६ |

## अंक ३१२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ९ | ४ | ६ | २ | ८ | ३ | ७ | १ |
| ७ | ६ | २ | ५ | ३ | १ | ९ | ८ | ४ |
| ३ | १ | ८ | ४ | ९ | ७ | २ | ५ | ६ |
| २ | ५ | ३ | १ | ७ | ४ | ६ | ९ | ८ |
| ८ | ७ | ६ | २ | ५ | ९ | ४ | १ | ३ |
| १ | ४ | ९ | ३ | ८ | ६ | ५ | २ | ७ |
| ६ | ३ | ७ | ९ | १ | ५ | ८ | ४ | २ |
| ४ | ८ | ५ | ७ | ६ | २ | १ | ३ | ९ |
| ९ | २ | १ | ८ | ४ | ३ | ७ | ६ | ५ |

# Speech of Kang Sun Nam at Military Parade Celebrating 70th War Victory Day

Kang Sun Nam, minister of National Defence of the Democratic People's Republic of Korea, made a speech at the military parade held on July 27 to celebrate the 70th anniversary of the victory in the Fatherland Liberation War .

Noting that the military parade celebrating the 70th anniversary of the war victory is held at the square where the people gave cheers of hurrah with joy after reliably defending the country from the armed invasion of the U .S . imperialist aggression forces and groups of its satellite states and winning a great victory 70 years ago, the speaker stressed this is the great honor of the service personnel of the DPRK armed forces and a great auspicious event of all the Korean people .





Different generations, including the persons of merit who significantly contributed to the prosperity of the country, model labor innovators, service personnel, builders in charge of the construction of a new street in the capital city, and youth and students, have gathered here to celebrate the V-Day together with the war veterans, masters of the great years, he said, adding this is a clear confirmation of the firm inheritance of the legitimacy and tradition of victory of the Korean revolution .

Saying that the historic significance of the DPRK's war victory on July 27 is sacred and immortal as it defended the people's dignity and honor and the country's environment for independent development, checked the U .S . imperialists' implementation of strategy for world domination and prevented a new world war to safeguard peace of mankind, he went on:



July 27, our victory day, is very sacred as it brought an end to the imperialist aggression forces' "doctrine of military hardware all-mighty" and proved the might of the Juche theory on ideology that the decisive factor of victory in the war lies in the political and ideological strength of the people and army rallied as one in mind around the revolutionary party .

The 70th anniversary of the victory in the Fatherland Liberation War is a memorial of history provided by the three years of war which ended in victory for us, and the 70 years in which the victory has been maintained, and today's grand festival is the climax of honor won by the bravery wartime soldiers and their decedents .

The great V-Day gave a clear lesson that those obsessed with anachronistic aggression ambition and avaricious hegemony ambition, not aware of the trend of the times, the change of history and the strength of justice to defend itself, would get nothing but disgraceful defeat .

However, the U.S . imperialist warmongers and the group of traitor Yoon Suk Yeol continue to play dangerous war games that may incite an unprecedented nuclear war in the Korean peninsula, with the use of their military muscle against the DPRK while advocating their megalomaniacal "logic of strength" even at this moment .

The U .S . is intensively forming aggressive military blocs such as "U .S .-Japan-south Korea tripartite military alliance" against the DPRK and other independent countries in the Asia-Pacific region . It plunges the security environment of the DPRK and its surrounding countries into danger, introducing without hesitation NATO, a confrontation mechanism out of the region, into the Korean peninsula .

What merits more serious attention is that the U .S ., together with its stooges of the "Republic of Korea" (ROK), is operating the nuclear war mechanism called the "nuclear consultative group" and pushing forward a wicked design for a nuclear war targeting the DPRK at a practical stage . Now the U .S . imperialists and the traitors of the "ROK" are not hesitating to make reckless remarks, even daring talk about the "end of regime" in our country .

It is high time that the armed forces of the DPRK clarified their mission and duty most vividly at this moment when the aggressive attempt of the hostile forces has reached an extreme phase which becomes completely clear .

We solemnly declare that if they attempt military confrontation as now, the exercise of our state's armed forces will go beyond the scope of the right to defence for the United States of America and the "ROK" .

The U .S . imperialists have no room of choice of survival in case they use nuclear weapons against the DPRK .

If the United States of America attempts to use armed forces against the Democratic People's Republic of Korea, the former will face unimaginable and unforeseen crisis .

We're ready . The enemy should make a choice .

It is the noble mission of our army to defend the sovereignty and security of the Democratic People's Republic of Korea and ensure its territorial integrity .

Our revolutionary armed forces will never tolerate any military acts of encroaching upon the sovereignty and security of the state and will take more offensive armed countermeasure for checking them .


The armed forces of our Republic, remaining faithful to the revolutionary idea and political idea of the Workers' Party of Korea, will add eternal brilliance to their precious honour and traditions on the road to defend the invincibility and vitality of our great state and our system, and will always fight on the same trench with the countries and progressive people who are struggling to defend independence and justice for a peaceful and beautiful world free from aggression, plunder, massacre and destruction .

Saying that the victory in the war is always set in store for us , the speaker stressed that the Democratic People's Republic of Korea, guided by the invincible revolutionary Party and the outstanding leader, will prosper forever and our great people, who are confidently advancing the revolutionary cause of Juche, the cause of socialism, will win eternal victory and glory .

# The Kim Il Sung-Kim Jong Il Foundation

## Origin of the Kim Il Sung-Kim Jong Il Foundation

**The Kim Il Sung-Kim Jong Il Foundation was established on the occasion of the centenary of the birth of President Kim Il Sung and the 70th anniversary of the birth of Chairman Kim Jong Il, in rflection of boundless reverence of all the Korean people and the world`s progressives for the great leaders and their unanimous wish to hold them in high esteem forever as the Sun of Juche .**



## माग...

व्यवसायीले निर्माणकार्य सम्पन्न गरे पनि भुक्तानी नहुँदा वित्तीय प्रणाली र समग्र अर्थतन्त्रमा नै नकारात्मक प्रभाव परेको हुँदा त्यसतर्फ सरकार संवेदनशील हुन जरुरी रहेको महासंघले उल्लेख गरेको छ।

विकास निर्माण र सर्वसाधारणको जीवनयापनसँग समेत जोडिएका परियोजनाको काम रोकिँदा सरकारको पुँजीगत खर्च हुन नसकेको र त्यसबाट जनताले पाउनुपर्ने सुविधाबाट वञ्चित भइरहेका छन्। गत आर्थिक वर्षमा करिब ६१ प्रतिशत मात्रै पुँजीगत खर्च भएकोमा यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पनि सकारात्मक सन्देश जान नसकेको विज्ञप्तिमा उल्लेख छ। निर्माण, उद्योग र थोक व्यापार नकारात्मक रहँदा अर्थतन्त्र मन्दीमा गएको र यसबाट बैंक तथा वित्तीय संस्था, सिमेन्ट, छडजस्ता निर्माण सामग्री उत्पादक र सरकारको राजस्वमा पनि गम्भीर असर परेको महासंघको भनाइ छ। महासंघले अहिले राजस्व १३ प्रतिशतले घटेको छ भने उद्योग करिब ३० देखि ३५ प्रतिशत क्षमतामा मात्रै चलिरहेको जनाएको छ।

## इन्धनको...

त्यस्तै, एलपि ग्यासको मूल्यमा प्रति सिलिन्डर ११७.६२ ले घटेर आएको थियो। निगमले एलपी ग्यासमा साविकको खुद्रा बिक्री मूल्यमा प्रतिसिलिन्डर १३० रूपैयाँले घटाएर १६६० रुपैयाँ कायम गरेको हो। हवाई इन्धनको साविकको बिक्री मूल्यमा कुनै परिवर्तन गरिएको छैन। निगमले १५ दिन अगाडिबाट मात्रै पेट्रोलियम पदार्थको मूल्यमा स्वचालित मूल्य प्रणाली लागू गरेको हो।

## भूसांस्कृतिक...

राखेको चासोबाट नेपाल भूराजनीतिक संस्कृतिको समेत चपेटामा फँस्दै गएको छ। मोदीको हिन्दुत्वमा आधारित सांस्कृतिक राष्ट्रवाद, चीनको कन्फुसियनिजमा आधारित सांस्कृतिक सभ्यताको पहल र अमेरिको इसाइकरणमा धार्मिक स्वतन्त्रतावादलाई विश्लेषणको एकाइ मान्नुपर्छ। यी प्रवृत्तिहरूलाई इतिहाससँग होइन वर्तमानसँग बहस हुन आवश्यक छ किनकि वसुधैव कुटुम्बकमको मर्ममाथि प्रहार हुन नपाओस्। सनातनी धर्मका पक्षमा नेपाल र भारत एकै ठाउँमा छन् तर व्यवहारमा भने यस्तो देखिँदैन।

उदाहरणकै रुपमा भारतको नयाँ संसद भवनमा राखिएको अखण्ड भारतको नक्सा र नयाँ भवन उद्घाटनमा देखिएको दृश्य। हिन्दु राष्ट्रवादी आन्दोलनका अगुवा व्यक्तित्व विनायक दामोदर सावरकरको जन्म दिन पारेर प्रधानमन्त्री मोदीले जेठ १४ मा भव्य हिन्दु विधि परम्पराबीच उक्त नयाँ भवनको उद्घाटन गर्दै भने– 'यो प्रजातन्त्रको मन्दिर हो, भारतीय जनता पार्टीले सावरकरलाई नायक मान्छ भने उसका विपक्षीले अल्पसंख्यकप्रति उति भेदभावी रहेको रुपमा बुझ्छन्।

भवनमा बनाइएको नक्सा र अपनाइएको पूजा विधि सबैले सांस्कृतिक राष्ट्रवादलाई मलजल गर्छन्। जब नेपालका प्रधानमन्त्री प्रचण्डले भ्रमणमा गएको पहिलो दिनै भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग मुरलबारे प्रश्न गरेका थिए। डोभालले मुरल भौगोलिक नभएको सांस्कृतिक मात्र भएकाले त्यसलाई अन्यथा नलिन आग्रह गरेका थिए। मुरलमा सांस्कृतिक राष्ट्रवादकै प्रमाण भेटिन्छ। भाजपाले हिन्दुत्वलाई धर्मभन्दा पनि जीवनशैली र सनातनी पहिचान मान्ने गर्छ।

चिनियाँ राष्ट्रपति सी जिन पिङले २०७९ चैत २ मा विश्वका विभिन्न राजनीतिक दलसँगको उच्चस्तरको भर्चुअल बैठकलाई सम्बोधन गर्दै विश्वव्यापी सभ्यता, पहल (ग्लोबल सिभिलाइजेसन इनियिटिभ) को प्रस्ताव राखी त्यसमा जोडन आह्वान गरेका थिए। त्यसयता यही पहललाई केन्द्रमा राखेर विभिन्न सभ्यताबीचको सद्भावपूर्ण सम्बन्धका लागि आह्वान गरिरहेका छन्। हरेक वर्ष जस्तो केही नयाँ प्रस्ताव ल्याउने सीले यसअघि नै विश्व विकास पहल, विश्व सुरक्षा पहलको घोषणा गरिसकेका छन्। जसप्रति विभिन्न देशहरू जोडिने क्रम जारी छ।

२०८० जेठ १८ मा सांस्कृतिक सम्पदा र विकासबारे बोल्दै उनले चिनियाँ समावेशी सभ्यताले विभिन्न धार्मिक विश्वासी समुदायबीच सौहार्दपूर्ण सम्बन्धको निर्देश गर्ने र विश्व समुदायमा सबै सभ्यताप्रति खुला र उदार हुन प्रेरित गर्दै कुनै पनि सांस्कृतिक ढाँचा कसैलाई निर्यात नगर्ने दाबी गरे। विश्वका पुराना सभ्यताहरूमध्येको हान सभ्यता र प्राचीन सांस्कृतिक दर्शन कन्फुसियानिज्ममा आधारित रहेर बेइजिङले सभ्यता पहल अघि बढाइरहेको छ। पुरानो चिनियाँ सभ्यता कन्फुसियनिज्म चीनसहित पूर्वी एसियाको साझा दर्शन हो। यद्यपि पछि कोरिया र जापानले फरक सभ्यताको विकास गरे। हिन्दुत्वको दर्शन र कन्फुसियनिज्मका आफ्ना अस्तित्वमा छन्। तर दुवैले व्यक्तिको नैतिकता र आचारमा जोड दिन्छन् र वैश्विक सद्भाव खोज्छन्।

विश्व शक्तिमा पुनः सन्तुलन र बदलाव आइरहेका बेला अमेरिकासँग महाशक्तिको प्रतिस्पर्धामा रहेको चीनले किन सभ्यताको पहललाई प्राथमिकतामा राख्यो भन्ने बुझ्नैपर्छ। सर हाटफोर्ड म्याकिन्डरको भूराजनीतिक 'हार्ट ल्यान्ड' को पहिचान र त्यसमाथि नियन्त्रण गर्न सक्नेले विश्वमा शासन गर्छ भन्ने भनाइलाई मान्ने हो भने अबको महत्वपूर्ण भूमि हिन्द प्रशान्त क्षेत्र हो। हिन्द प्रशान्त क्षेत्रमा प्रभाव जमाउन र नियन्त्रण कायम गर्न चीन र अमेरिका बीच प्रतिस्पर्धा छ। चीनले सभ्यता पहल ल्याउनुको खास कारण किन छ भने दक्षिणपूर्वी एसियाली राष्ट्रहरूमा सांस्कृतिक रुपमा समानता छ जसले जनस्तरको सम्बन्धलाई बलियो बनाउन सक्छ। तिनले अमेरिका वा भारतसँग त्यस अर्थमा सहकार्य गर्न सहज देखिँदैन।

अमेरिकाले विश्वमा रहेका अल्पसंख्यक सिमान्तकृतलाई सहयोग पुर्‍याएको दाबी गर्छ। तर त्यो हिन्दु अल्पसंख्यक बौद्धमार्गी मुस्लिम अल्पसंख्यक अन्य धर्म वा संस्कृतिका बारेमा लागू हुँदैन। हुन्छ त केवल इसाई अल्पसंख्यकको संरक्षण र विस्तारमा मात्र। अमेरिकाको चिन्ता अमेरिकाभित्रको बन्दुकराज, काला र गोराबीचको व्यावहारिक पूर्वाग्रहभन्दा इसाइकरणको विश्वव्यापी प्रवर्द्धन नभएकोमा छ। अमेरिकाको अन्तर्राष्ट्रिय धार्मिक प्रतिवेदन, २०२२ ले भारतमा क्रिश्चियन लगायतका धार्मिक अल्पसंख्यकमाथि निरन्तर आक्रमण भइरहेको र हिन्दु अतिवादी बढेको दाबी गरेको छ। त्यही रिपोर्टले भारतीय जनता पार्टीले नेपालमा हिन्दुवादी पार्टी र नेताहरूलाई हिन्दु राष्ट्र पुनः स्थापनाको माग उठाउन पैसा दिने गरेको दाबी पनि गरेको छ। यस्तै नेपालमा धार्मिक स्वतन्त्रता खतरामा रहेको अमेरिका र ब्रिटेनको बुझाइ छ। विश्वभर धार्मिक सिमान्तकृतहरूको आधिकारिक पक्षमा आवाज उठाउँदै आएको दाबी गरे पनि उसले चाहेको इकाइ बहुल विश्व व्यवस्था नै हो।

नेपाल भूराजनीतिक रुपमा संवेदनशील अवस्थितिमा छ। आफ्ना विश्व आकांक्षा र चाहनालाई पूरा गर्न चीन अमेरिका र भारतले नेपालमा क्रियाकलाप केन्द्रित गरिरहेका छन्। आर्थिक सहयोग र साझेदारीमार्फत नेपालमा प्रभाव बढाउन कायम राख्न र आफ्नो प्रभाव बाहिर नजाओस् भन्न 'भारतको छिमेकी पहिला, पूर्व हेर' नीतिदेखि चीनको बीआरआई र अमेरिकाको एमसीसी जस्ता कार्यक्रम अघि सारिएका छन्। जसको अंश नेपाल बनिसकेको छ। नेपालमाथि अमेरिकी सुरक्षा रणनीति -आइपीएस) र चिनियाँ विश्व सुरक्षा पहल (जिएसआइ) को सदस्य बन्न दबाब छ। भारतले नेहरूकालीन प्रभाव क्षेत्र सिद्धान्त कायमै राखेको छ। कुनै पनि बेला यसको नयाँ संस्करण ल्याएर दबाब दिन सक्ने प्रबल सम्भावना छ।

विश्व राजनीति र कुटनीतिक व्यवस्थामा प्रवृत्तिगत परिवर्तन देखिँदैछन्। जसमा साझा पहिचान, परम्परा र धार्मिक विश्वासको समुच्च रुप सांस्कृतिक सम्बन्ध हाबी हुँदैछ। राजनीतिक विचारधारा र वाद बाहिर प्राचीन धार्मिक, सांस्कृतिक र सभ्यतासहितको भौगोलिक पहिचानको खोजी हुँदैछ। यसको अगुवाई गर्ने नेतृत्व लोकप्रिय हुँदैछ। चिनियाँ राष्ट्रपति सी र भारतीय प्रधानमन्त्रीको लषेकप्रियताले यस कुराको असली गवाही दिइरहेको छ। दक्षिणतिरको हिन्दु राष्ट्रवाद, उत्तरतिरको कन्फुसियसवादमा आधारित सभ्यताको विस्तार र अमेरिकी इसाई राष्ट्रवादको सांस्कृतिक स्वार्थको जटिलतामा नेपाल नजानिँदो रुपले जेलिन खोज्दैछ।

नेपालमा करिब ८१ प्रतिशत हिन्दुहरू छन्। नेपालको भूसांस्कृतिक सम्बन्ध भारतसँग छ। भारतमा भाजपाले हिन्दु राजनीति र हिन्दुत्वको संरक्षणमा जोड दिँदै अल्पसंख्यक मुस्लिम र इसाई धर्मावलम्बीहरूलाई बन्दे मातरम बोलो भन्दै धम्क्याइरहेको छ। भारतीय अति हिन्दुवादी भाजपाको धार्मिक असहिष्णुतावादी कृकृत्यको नेपाली हिन्दु जनले विरोध गर्न सक्दैनन्। यही बेला चीनले विश्व सभ्यता पहलमा जोडिन नेपाललाई आग्रह गर्दै आइरहेको छ। उता इसाईहरूको संरक्षण गर्न अमेरिका र बेलायतको नेपालमाथि चर्को दबाब छ। नेपालमा अनुदान र सहयोगमार्फत अमेरिकी शक्ति सक्रिय भइरहेको छ। एमसीसीकै अनुदान थपिदिने भएको छ। स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) मा हस्ताक्षर गर्न अमेरिकाले नेपालमाथि ताकेता गरिरहेको छ। चीन, भारत र अमेरिकाको त्रिपक्षीय भूराजनीतिक एवं सांस्कृतिक चपेटामा नेपाल पर्न थालेको छ। अनुदान र सहयोगमार्फत अमेरिकी शक्तिले धार्मिक र सांस्कृतिक रुप धारण गरोस् भन्नेतर्फ सजग हुँदै राष्ट्रिय एकता बलियो बनाउनु नै अहिलेको मूल दायित्व भन्न सकिन्छ।

## सुन...

थियो। विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका कर्मचारीहरू भन्सार अधिकृत सन्तोष चन्द, एक्सरे अपरेटर सरोज श्रेष्ठ, जाँचकी कुमार ढकाल र भन्सार एजेन्टहरू यादवशंकर पराजुली, सुदर्शन गौतम तथा रुक्मिणी सुब्बा पक्राउबाट भने थप व्यक्तिहरू पक्राउ गर्न ठोस प्रमाण बटुल्न सकेको छैन।

चिनियाँ नागरिकलाई भाडामा गोदाम खोजिदिने सन्तोष तामाङ र दावा छिरिङ पक्राउ परेपछि भने सुन काण्डको जालो विशाल रहेको पाइएको थियो।

सुन तस्करीमा संलग्न रहेका भनिएका राजेश अडुकियालाई भने विभागको टोलीले समयमै पक्राउ गर्न नसकेको भन्दै आलोचना हुँदै आइरहेको छ। यस प्रकरणमा सुरुमै मुछिएको हुनसक्ने आधार हुँदाहुँदै पनि विभागको टोलीले घटना घटेको एक सातापछि मात्रै अडुकियाको घरमा छापा मारेको थियो। त्यतिबेलासम्म अडुकिया बेपत्ता भइसकेका पाइएको छ। अडुकियालाई सरकारी पक्षले नै भगाएको हुनसक्ने आरोप लागेको छ।

अनुसन्धानमा प्रहरीलाई जिम्मा लगाउँदा माओवादी नेताहरूको कनेक्सन बाहिर आउने आशंकाले गर्दा प्रधानमन्त्रीकै चाहनामा प्रहरीलाई बाहिरी घेरामा राखिएको आरोप पनि लाग्ने गरेको छ। सिआइबीले केही समयअघि भेपमा ल्याइएको ९ किलो सुनको अनुसन्धान गर्दा माओवादी उपाध्यक्ष कृष्णबहादुर महराका बाबुछोराको संलग्नता देखिएपछि एक क्विन्टल सुनको अनुसन्धानमा प्रहरीलाई बाइपास गरिएको आशंका छ।

## चामलको...

चामल निर्यात प्रतिबन्धका विषयमा छलफल गरेको थियो। भारतबाट चामल आयात हुन छाडेपछि नै चामलको भाउ बोरामा २०० देखि २५० रुपैयाँसम्म बढिसकेको छ।

सरकारले चामलमा प्रतिबन्ध लाग्नु अघि भण्डारणमा रहेको चामल बजारमा बिक्री गर्न पठाउँदा साबिककै मूल्यमा बेच्न निर्देशन दिएको छ। कसैले बढी मूल्य लिएमा उपभोक्ताले सिधै विभागलाई जानकारी गराउन पनि अनुरोध गरेको छ। कसैले मूल्य वृद्धि गरेको पाइएमा विभागले कारबाही गर्ने भएको छ। भारतबाट चामल आयात हुन छाडेपछि बोरामा नै २०० देखि २५० रुपैयाँसम्म मूल्य बढेको छ। भारतले यही साउन ४ गतेदेखि चामल निर्यातमा प्रतिबन्ध लगाएपछि नेपालमा चामलको भाउ एकाएक बढेको हो।

बजारमा अहिले महंगो मूल्यमा पनि भारतबाट आउने गुणस्तरीय चामल पाइरहेको छैन्। भारतबाट आउने 'लङ्गेन' चामल बजारमा 'सर्टेज' हुन थालेको छ। अहिले भारतबाट नेपालमा औपचारिक (वैधानिक) रुपमा चामल भित्रिन छाडेको छ। अनौपचारिक (अवैधानिक) रुपमा भने भारतबाट चामल आइरहेको छ। भारतले चामल निर्यातमा प्रतिबन्ध लगाउने निर्णय गरेसँगै नेपाल पनि यसबाट प्रभावित भएको छ। भारतले मोटा, जिरामसिना लगायतका चामल निर्यातमा रोक लगाएको छ। यही साउन ४ गते भारतको वाणिज्य तथा वैदेशिक व्यापार विभागले एक सूचना जारी गर्दै चामल निर्यात नगर्ने बताएको थियो। मनसुनका कारण धान उत्पादन कम भएका कारण खाद्यन्न अभाव हुनसक्ने भन्दै यस अवस्था सिर्जना हुनबाट रोक्न भारतले निर्यातमा रोक लगाएको हो।

भारतबाट आएको चामलबाट नै नेपालको भान्सा निर्भर रहेको छ। भारतबाट चामल आयात हुन छाडेपछि भान्सा महंगिएको छ। भारतबाट ४० देखि ५० प्रतिशत चामल नेपाल भित्रिन्छ। भारतले चामल निर्यातमा प्रतिबन्ध लगाएपछि यसको असर नेपालको बजारमा परेको हो। गत आर्थिक वर्ष करिव १५ अर्बको चामल आयात भएको थियो। यसैगरी, गत आर्थिक वर्ष २०७९/८० मा १९ अर्ब ९९ करोड मूल्य बराबरको धान आयात भएको थियो। भारतले निर्यातमा प्रतिबन्ध लगाएपछि औपचारिक रुपमा व्यवसायीले आयात गर्न सकेका छैनन्। यसले ग्रे मार्केट (अनौपचारिक बजार) लाई प्रोत्साहन गरेको छ।

धान आयात गर्न नसकेपछि यहाँका अधिकांश चामल मिल बन्द हुन पुगेका छन्। नेपालमा दुई हजार पाँच सयका हाराहारीमा चामल मिल छन्। ती उद्योगमा लगानी खर्बौंको छ। एउटै उद्योगमा एक/दुई अर्ब लगानी छ। ती सबै लगानी डुब्ने अवस्थामा पुगेका छन्।

यहाँका चामल मिल बन्द हुँदा बोइलर कुखरापालनमा पनि कमी आउने आंकलन गरिएको छ। चामलबाट निस्किएको भुस बोइलर कुखराको लागि प्रयोग हुन्छ।

नेपाल सरकारले भारत सरकारसँग तत्काल यो विषयमा कुरा नगर्ने हो भने महंगी अझै बढ्ने निश्चित छ। साउन लागेपछि साना तिना पर्व सुरु हुने गर्छन्। यी चाडपर्वमा चामलको खपत बढ्छ। दशैंको मुखमा महँगी अझै बढ्ने अनुमान गरिएको छ।

भारतबाट जस्तो व्यवसायिक रुपमा अन्य देशबाट चामल आयात गर्न सहज नहुने व्यवसायीहरू बताउँछन्। ढुवानी खर्च धेरै लाग्ने भएकाले तत्काल चामल आयातका लागि भारतबाहेक अन्य विकल्प नभएको उनीहरूको भनाइ छ।

## सहयोग...

सहायता कटौती भएको बताए। केही देशमा सहयोग घटाउने क्रम जारी छ।

सहयोग कटौती हुने देशहरूमा अफगानिस्तान, सिरिया, यमन र पश्चिम अफ्रिकाका देश छन्। उनका अनुसार डब्लूएफपीको कार्यक्रम सञ्चालनका लागि हाल २० अर्ब डलरको आवश्यकता पर्छ। तर, पछिल्ला वर्षमा प्राप्त सहायताअनुसार उसले यस वर्ष पनि १० देखि १४ अर्ब डलरसम्म सहायता पाउने अपेक्षा गरेको छ। 'तर हालसम्म त्यसको आधा अर्थात् ५ अर्ब डलरको हाराहारीमा पाएका छौं,' उनले भने।

सन् २०२१ यता कोभिड-१९ को महामारी र रुस-युक्रेन युद्धका कारण विश्वभर मानवीय सहायताको आवश्यकता बढेको छ। मानव इतिहासकै ठूलो खाद्यान्न र पोषणको संकट हाल पनि रहेको स्काउको भनाइ छ। उनका अनुसार वैश्विक अर्थव्यवस्थामा मन्दी, वातावरणीय परिवर्तन, निरन्तर प्राकृतिक विपत्ति, बढ्दो मुद्रास्फीति, मूल्यवृद्धि, बढ्दो ऋणको तनावले पनि खाद्य संकटको समस्यालाई बढावा दिएको छ।

डब्लूएफपीले अफगानिस्तामा गत मार्चमा भोकमरीको चपेटामा रहेका समुदायको खाद्यान्नमा ७५ देखि ५० प्रतिशतसम्म कटौती गर्न बाध्य भएको स्काउले बताए। यस्तै, गत मेमा ८० लाख व्यक्तिको सहायतामा पनि कटौती गर्नुपरेको उनले जानकारी दिए। हाल अफगानिस्तानमा केवल ५० लाखलाई मात्र सहयोग गरिरहेको स्काउले बताए। यस्तै, सिरियामा डब्लूएफपीको कार्यक्रमअनुसार ५५ लाख व्यक्तिलाई सहयोग गरिँदै आएको थियो। तर, गत जुलाईमा सहयोग प्राप्त गर्ने व्यक्तिको संख्या २५ लाखमा झरेको छ।

यस्तै, प्यालेस्टाइन क्षेत्रमा डब्लूएफपीले दिँदै आएको नगद सहयता गत मे र जुनमा २० प्रतिशतले कटौती गरिएको छ भने ६० प्रतिशत अर्थात् २ लाख व्यक्तिको सहायतामा पनि कटौती गरेको छ। यमनमा आगामी अगस्टमा करिब ७० लाख व्यक्तिलाई गरिँदै आएको सहायतामा कटौती गर्नुपर्ने स्काउले बताए।

डब्लूएफपीले आफ्ना सहायताको आधारलाई विविधता दिन खोजिरहेको छ। साथै, यस्तो संकटको समयमा अगाडि आएर सहायता गर्न पनि आफ्ना दाताहरूलाई आग्रह गरेको छ। सहायतामा कमीको विषयमा दाताहरूसँग प्रश्न गर्नुपर्ने स्काउले बताए। उनका अनुसार युरोप तथा अमेरिकाबाट पहिलो जसरी गत दुई वर्षमा सहायता र मानवीयता बजेट प्राप्त हुन सकेको छैन।

खाद्य असुरक्षामा मात्र परेका व्यक्तिहरूको सहयोग घटाएर वास्तविक भोकमरी वा खाद्यान्न संकट परेकालाई सहयोग गर्न सकिने स्काउले बताए। तर, यसले खाद्य असुरक्षामा परेको वर्ग तीव्र रूपमा खाद्यान्न संकटको तहमा आइपुग्ने उनको भनाइ छ। त्यसैले खाद्यान्न कटौती मात्र हालको समस्याको दीर्घकालीन समाधान नभएको स्काउले बताए। उनले विश्वका प्रमुख नेताहरूलाई सहायता बढाउन आग्रह गरे।

## राष्ट्रिय सभा...

आग्रह छ।' उनले यही साउन ३ गते एक टनभन्दा बढी सुन नेपाल भित्रिएको विषयलाई हलुकारुपमा हेर्न नहुने बताए। राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सुन तस्कारका विषयमा संसद्को गम्भीर ध्यानाकर्षण भएको र उक्त विषय छलफल र संवादबाट समाधान गर्न पटक-पटक आग्रह गरे। उनले जनतासमक्ष आफ्ना कुरा राख्नका लागि शून्य समय, विशेष समय भएको र त्यसमार्फत भनाइ राखेर संसद् सञ्चालन हुन दिन आग्रह गरेका थिए। अध्यक्ष तिमिल्सिनाको आग्रहपछि पनि एमालेले अवरोध जारी राखेपछि आजको बैठक स्थगित भएको हो । अर्को बैठक साउन २२ गते सोमबार बस्ने भएको छ ।

## जयशंकर...

गर्ने म्यान्डेट दिइएको छ। भारतीय सञ्चारमाध्यमका अनुसार जयशंकर आगामी अक्टोबर महिनामा नेपाल आउनेछन्। यद्यपि यसको औपचारिक घोषणा भने गरिएको छैन। बैठकमा दुई देशबीच सहकार्यका विभिन्न क्षेत्रजस्तै कनेक्टिभिटी, अर्थ-वाणिज्य, ऊर्जा सहकार्य र जलस्रोत लगायतका छलफल हुने अपेक्षा गरिएको छ। हालैमात्र बैंककमा आयोजित बिम्स्टेक रिट्रिटमा परराष्ट्रमन्त्री एनपी साउदले भारतीय समकक्षीसँग साइडलाइन वार्ता गरेका थिए। 'नेपालका परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसँग राम्रो छलफल। हाम्रो नेतृत्वले तय गरेको सहकार्यको एजेन्डालाई लागू गर्न नजिकबाट काम गर्ने सहमति भएको छ। हामीबीच सम्पर्क जारी रहने अपेक्षा गरेको छु,' जयशंकरले बैठकपछि ट्वीट गरेका थिए।

## पुरानो...

मर्मत तथा रिट्रोफिट (पुननिर्माण) गरी पहिलेकै अवस्थामा बनाउन मन्त्रालय मातहतमा रहेको विशेष भवन निर्माण आयोजनालाई निर्देशन दिएकी छिन्।

विशेष भवन निर्माण आयोजनका प्रमुख मच्चाकाजी महर्जनका अनुसार पुरानो भवनलाई मर्मत सम्भार गरी पुननिर्माण गर्न (रिट्रोफिट) गर्न आयोजनाले अहिले डिजाइन बनाइरहेको बताए। 'डिजाइन सकिने वित्तिकै हामीले काम सुरु गर्छौं। सम्भवत असोज/कात्तिक महिनामा टेण्डर आब्हान गरी काम अघि बढाउने छौं'उनले भने। महर्जनका अनुसार पुरानो संसद भवनलाई मर्मत सम्भार गरी दुरुस्तै पहिलकै अवस्थामा बनाउन सहरीले विशेष भवन आयोजनालाई निर्देशन दिएको छ। पुरानो संसद भवन राणाकालमा निर्माण गरिएको थियो। २०७२ सालको भुकम्पले यसलाई क्षति पुर्‍याएको छ। २०१५सालमा नेपालमा संसद्को पहिलो बैठक यही भवनमा बसेको थियो। २०६४सम्म पुरानो संसद भवनमै संसदको बैठक बसेको थियो। त्यसपछि यो भवन अपुग भए पछि नयाँ बानेश्वरस्थित अन्तराष्ट्रिय सम्मेलन केन्द्रलाई भाडामा लिएर प्रयोग गर्न थालिएको छ।

## माओवादीमा...

भ्रम चिर्न सकिएन।' त्यसैगरी अर्का उपाध्यक्ष कृष्णबहादुर महराले जसरी हुन्छ सबै मिलेर पार्टी सुदृढ बनाउन सबै नेता कार्यकर्ताको पहल जरुरी रहेको बताए। 'पार्टी सङ्गठन सुदृढ गरेर मात्रै हाम्रो शक्ति बढ्छ अब सबैको ध्यान त्यतातिर जान जरुरी छ', महराको भनाइ छ। एक अर्काको विरोध भन्दा पनि सबै नेता कार्यकर्ता एकजुट भएर अघि बढ्नुको विकल्प नरहेको महराको भनाइ छ। पाँच केन्द्रीय सदस्य बराबर एक पदाधिकारीले जवाफ दिने गरी नेताहरूलाई बोल्न समय मिलाइएको बैठकमा पहिलो र दोस्रो दिन बोल्ने अधिकांश केन्द्रीय सदस्यहरूले विधान सम्मेलनको विरोध गर्दै बरु विशेष महाधिवेशन नै गर्नुपर्ने धारणा राखेका छन्।

'विधान सम्मेलन अघि ४०९ जनाको केन्द्रीय कमिटी बनाउने अनि फेरि विधान संशोधन गर्ने अनि फेरि त्यो सच्याउने ? 'नेतृ जयपुरी घर्तीले भनिन्, 'बरु विधान सम्मेलन भन्दा विशेष महाधिवेशन गर्नु उपयुक्त हुन्छ भन्ने मेरो धारणा छ।' उनले आफूजस्तै अन्य बोल्ने नेताहरूले पनि विधान सम्मेलन भन्दा विशेष महाधिवेशन गर्नु उपयुक्त हुने धारणा राखेको बताइन्।

## चिनिया...

वाङ होबिन र पार्टी केन्द्रीय समिति सदस्य सुए जिसेङलाई नियुक्त गरेको छ।यो पछिल्लो दशकमा सैनिक नेतृत्वमा अचानक भएको सबैभन्दा ठुलो फेरबदल हो। एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटकी भाएल मोरिसले भनिन्, 'यो चीनले पछिल्लो दशकमा आणविक रणनीतिको सन्दर्भमा गरेको सबैभन्दा ठुलो परिवर्तन हो।'

गत महिना भएको भेटमा चीनले पार्‌टी सङ्गठनका सबै तहका चुनौतीसँग जुध्न पहल गर्नुपर्नेमा जोड दिएको थियो। यसमा सेनामा पिएलएको पूर्ण नेतृत्व कायम राख्नु पनि समावेश छ। चीनले जनरल ली र उनका डेपुटी लिउको बारेमा टिप्पणी गरेको छैन। तर गत साता साउथ चाइना मर्निङ पोस्टको रिपोर्टमा उनीहरू दुवै विरुद्ध भ्रष्टाचारको मुद्दामा अनुसन्धान सुरु भएको उल्लेख गरिएको थियो। चीनले यो नयाँ नियुक्ति पीएलएको स्थापनाको ९६ औं वर्षगाँठको एक दिन अघि गरेको हो।

बेइजिङमा आयोजित एक कार्यक्रममा दुवैको नाम घोषणा गरिएको हो। दुवै जना अहिले लेफ्टिनेन्ट जनरलबाट जनरल बनेका छन्। यो सेवा अधिकारीहरू मध्ये उच्च पद हो। केही दिनअघि चीनका विदेशमन्त्री छिन काङलाई हटाइयो। उनी पनि लामो समयदेखि बेपत्ता थिए। यस्तोमा हालैका दिनमा शीर्ष पदमा बसेका मानिसको मामिलामा रास्ट्रपति सीले थुप्रै ठुला परिवर्तन गरेका छन्।

## भीमदत्त...

जनजाति र केही देउकी भनिने महिलाहरूलाई उनले एकत्रित गरी लेखपढ गराउन थाले। ती महिलाहरूलाई आफ्नै संरक्षणमा राखेर बन्दुक तथा अन्य हतियार चलाउन पनि सिकाउन थाले। उनी भन्ने गर्थे– नारी पनि पुरुषसरह जुनसुकै काम गर्न सक्छन् उनीहरूलाई संरक्षण र निर्देशनको आवश्यकता चाहिँ पर्छ। अहिले नारी आन्दोलन जुन उचाइमा पुगेको छ त्यसमा भीमदत्तले सुरुआती चरणमा गरेको पहललाई बिर्सन हुँदैन। उनी आफ्नो भाषण तथा प्रवचनका क्रममा नारी है नर की खान' भन्ने गर्थे। यो उनको नारीप्रतिको सम्मान थियो। भीमदत्तले महिला जागरण अभियानको पहिलो उठान गरेका थिए।

जुन समाजमा शिक्षाको अभाव रहन्छ, त्यो समाज सधैं अन्धकारमा रुमलिइरहेको हुन्छ। समाज र राष्ट्रलाई प्रगतिको पथमा अगाडि बढाउने हो भने हरेक मानिस शिक्षित हुनुपर्छ भन्ने बोध भीमदत्तलाई थियो। हुन पनि शिक्षाबिना कुनै पनि देश विकासमा अघि बढ्न सकेको इतिहास छैन। भीमदत्तले डडेल्धुराका अनेक ठाउँ र बैतडी तल्लो स्वराङ क्षेत्रमा आफैंले विद्यालयहरू खोल्ने काम गरे। उनी आफैंले स्थानीय युवायुवतीलाई शिक्षकको रुपमा पढाउने तथा क्रान्तिका गीतहरू गाउन सिकाउने पनि गर्न थाले। यसबाट समाजमा शिक्षाको प्रचारप्रसार हुन थाल्यो। स्थानीय बासिन्दा जागरुक हुन थाले। युवापुस्ता उनीप्रति आकर्षित हुन थाल्यो। भीमदत्त शैक्षिक आन्दोलनका अग्रज व्यक्तित्व थिए।

भीमदत्तको उदयताका समाजमा समाजमा अनेक प्रकारका छुवाछूतको जगजगी थियो। तल्लो जात भनिने मानिसको भातभान्सा तथा चियापानी माथिल्लो जात भनिने मानिसले खान बर्जित थियो। समाजमा विद्यमान छुवाछूतको प्रथाले समाजलाई प्रगतिको मार्गमा अघि बढ्न अवरोध पुर्‍याएको थियो। तल्लो जातका भनिने ठूलाठालूलाई भने यस्तो छोइछिटोले कुनै असर गरेको थिएन। छोइछिटो गरिबहरूका लागि मात्र थियो। भीमदत्तलाई यो कुरा मन परेको थिएन। त्यसैले उनी छोइछिटो र जातिपातिविरुद्ध पनि मुखर हुन थाले। उनी दलित भनिने कामी, दमाई, सार्की साथीहरूका घरघर गई उनीहरूसँगै बसेर दालभात खान थाले, चियापानी पिउन थाले। पानी नचल्ने भनिने जातजातिका आफ्ना साथीहरूलाई आफ्नो घरमा बोलाएर आफूसँगै खानपिन गराउन थाले। उनको यस्तो कार्य समाज सुधारका लागि प्रेरणादायी थियो। तर समाजका उपल्लो जातका ठालुहरू भीमदत्तप्रति क्रोधित हुन थाले र उनको विरोध गर्न थाले। छुवाछूत विरोधी आन्दोलन नेपालमा उठान गर्ने भीमदत्त पहिलो क्रान्तिकारी चेत भएका व्यक्ति थिए।

पश्चिम महाकाली किनार ब्रह्मदेवमा नेपालको बजार तथा भन्सार अड्डा थियो। महाकालीपारि टनकपुरमा भारतको बजार थियो। जहाँबाट नेपालले पाउने कोटाको नुन, गुँड तथा लत्ताकपडा आउँथ्यो। बैतडी, डडेल्धुरा, अछाम, बझाङ र डोटीका अधिकांश बासिन्दा जुन गुँड (सक्खर) तथा लत्ताकपडा किन्न ब्रह्मदेव बजारमा ओइरिन्थे। ग्राहकहरू यसरी ओइरो लागेका बेला ब्रह्मदेवका व्यापारीहरूले नुनको कृत्रिम अभाव सिर्जना गर्थे। बजारमा नुन अभाव देखाएर दोब्बर तेब्बर मूल्यमा व्यापारीहरूले बेच्थे। यो कुरा थाहा पाएपछि भीमदत्तले विरोध स्वरुप ब्रह्मदेव बजारमा हटारुहरूको जुलुस निकाले। रोजी रोटी कपडा दे, नत्र गद्दी छोडिदे भन्ने नारा लगाउँदै त्यो जुलुस ब्रह्मदेवबाट टनकपुर पुग्यो। व्यापारीहरू डराए। चल्तीको मोलमा नुन बेच्न थाले। भीमदत्तले नुन लुकाउने व्यापारीहरूको गोदाम नै फोडी नुन बाँडिदिए। यो नुन आन्दोलन देश र जनताका हितमा थियो। यो आन्दोलनले अन्यायको विरुद्धमा जनतालाई जुट्न सिकाएको थियो। कालाबजारी विरुद्धको यो आन्दोलन सर्वसाधारण जनताका पक्षमा थियो। नुन आन्दोलनले उनको लोकप्रियताको दायरा अझ फराकिलो हुन थाल्यो।

नुन आन्दोलनपछि किसान राज जिन्दावादको नारा लगाउँदै जनतालाई संगठित गर्न थाले। उनले समाजमा भएका कुरीतिलाई हटाउँदै जय जनताको अभिवादनसहित ,किसानहरूका घरघर पुग्न थाले। किसान मुक्ति आन्दोलनले व्यापकता पाउँदै गयो। उनीहरूले डडेलधुरादेखि जोगबुडा हुँदै ब्रह्मदेव र ब्रह्मदेवबाट कञ्चनपुर हुँदै बेलरी कब्जा गरे। राज्य डरायो। सरकारले भारतीय सेना भित्र्याएर आन्दोलन दबाउन थाल्यो। किसान राजको परिकल्पना गरेका भीमदत्तलाई नेपालका सैनिकहरूले पक्रन सकेनन्। यही कारण भारतीय सेना ल्याइएको थियो। भारतीय सेनाले २७० भन्दा बढी भीमदत्त समर्थकहरूलाई पक्रेर सरकारलाई बुझायो र थुनामा राख्यो। भीमदत्तको भने सुइँको समेत पाउन सकेनन्।

तर भीमदत्त आफ्नै साथीहरूको धोकामा परे। बुडरको गल्लेक भन्ने ठाउँमा आफ्नै मीत लालबहादुर थापा र भस्वा दियालले उनको हत्या गरे। उनको टाउको काटेर डडेलधुरा लगियो र त्यहाँ तीन दिनसम्म बाँसको लिंगोमा टाउको झुन्ड्याएर प्रदर्शनमा राखियो। भीमदत्तले २००७ सालमा दिल्लीमा भएको राणा, कांग्रेस, राजा र नेहरूबीचको दिल्ली सम्झौताको विरोध गरेका थिए र किसान आन्दोलन उठाएका थिए। दिल्ली सम्झौता धोका हो, आन्दोलन रोकिनु हुन्न भन्ने उनी देशभक्त किसान नेता थिए। २७ वर्षसम्म बाँचेका भीमदत्त इतिहासमा अमर रहिरहनेछन्। निर्देशक तथा निर्माता नवल खड्काले भीमदत्त नामक चलचित्र बनाएर भीमदत्तको जुझारु क्रान्तिकारी जीवनको जानकारी जनतासमक्ष ल्याएका छन्।